"अन्तरविविधताको आन्दोलनका निम्ति सेतुको निर्माण"

# महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धि महासन्धि

# महिला विरुद्ध हुने भेदभाव उन्मूलन सम्बन्धि समितिको

# नेपालको सातौं आवधिक प्रतिवेदन उपर प्रदान गरिएको निश्कर्षात्मक टिप्पणी

## फेब्रुअरी २०२५



"अन्तरविविधताको आन्दोलनका निम्ति सेतुको निर्माण"

# महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धि महासन्धि

# महिला विरुद्ध हुने भेदभाव उन्मूलन सम्बन्धि समितिको

# नेपालको सातौँ आवधिक प्रतिवेदन उपर प्रदान गरिएको निश्कर्षात्मक टिप्पणी

फेब्रुअरी २०२५

**प्रकाशक**

Blind Women Association, Nepal
2067
Central Office

**साझेदार संस्थाहरु**

access planet
DDAN Dalit with Disabilities Association Nepal
FEDO
FWDN
NIDWAN
pahichan

**आर्थिक सहयोग**

Disability Rights Fund

**सल्लाहकार**

सीता सुवेदी - अध्यक्ष, नेत्रहीन महिला संघ-नेपाल

पम्फा पुर्कोटी - अध्यक्ष, दलित अपाङ्गता भएका व्यक्तिहरुको संघ-नेपाल

कलावती स्वर्णकार - अध्यक्ष, दलित महिला संघ

निर्मला धिताल - अध्यक्ष, अपाङ्गता भएका महिलाहरुको महासंघ-नेपाल

जमुना तामाङ - अध्यक्ष, राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल

लक्ष्मी नेपाल - कार्यकारी निर्देशक, एक्सेस प्लानेट संस्था

इच्छा केसी - कार्यकारी निर्देशक, पहिचान नेपाल

**मूख्य सम्पादन तथा तयारकर्ता :** कृष्ण गहतराज - अपाङ्गता समावेशी विकास विज्ञ

**भाषा अनुवाद :** गीता चौधरी, कानून व्यवसायी

**व्यवस्थापन**

मानसी शर्मा - कार्यक्रम अधिकृत, नेत्रहीन महिला संघ-नेपाल

दिपिका शर्मा - लेखा अधिकृत, नेत्रहीन महिला संघ-नेपाल

**प्रकाशन मिति :** जुन २०२५

**प्रकाशन प्रति:** १००० प्रति

**प्रकाशक:** नेत्रहीन महिला संघ-नेपाल, सुकेधारा, काठमाडौँ

फोनः 01-4377663, इमेलः bwanepal@gmail.com, वेवसाइटः https://bwan.org.np

**सर्वाधिकार @** नेत्रहीन महिला संघ-नेपाल

**आर्थिक सहयोग:** Disability Rights Fund

**अस्वीकरण:** यो दस्तावेज डिसाविलिटि राइट्स फण्डको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस दस्तावेजमा उल्लेख तथ्य र विचारहरु सम्बन्धित लेखक वा योगदानकर्ताहरु स्वयंका हुन् । डिसाविलिटि राइट्स फण्डले यस दस्तावेजमा प्रयोग गरिएका सामाग्रीहरुको शुद्धता सम्बन्धमा कुनै प्रतिनिधित्व, अभिव्यक्त वा नीहित गर्दैन र कुनै निश्कर्ष, अनुमान, त्रुटी वा भूलको लागि कुनै कानुनी जिम्मेवारी वा दायित्व स्वीकार गर्न सक्दैन ।

- **डिसाविलिटि राइट्स फण्ड**

# विषयसूचि


१) खण्ड क: निश्कर्षात्मक टिप्पणीको पृष्ठभूमिको सन्दर्भमा १

२) खण्ड ख: निश्कर्षात्मक टिप्पणी र अपाङ्गता तथा अपाङ्गता भएका महिला लक्षित निश्कर्षात्मक टिप्पणी ३

३) खण्ड ग: महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धि समितिले नेपाल सरकारलाई दिएको निश्कर्षात्मक टिप्पणीको नेपालीकरण ९

# खण्ड क: निश्कर्षात्मक टिप्पणीको पृष्ठभूमिको सन्दर्भमा

## १. पृष्ठभूमी र सान्दर्भिकता

नेपाल सरकारले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धि महासन्धि (सिड) को धारा १८ मा व्यवस्था गरिएबमोजिम महिला विरुद्ध हुने भेदभाव उन्मूलन समितिलाई सन् २०२२ मा बुझाउन बाँकी रहेको सातौँ आवधिक प्रतिवेदन जुलाई ५, २०२३ मा बुझाएको थियो। त्यसैगरी, सोहि समितिले पुन: नेपाल सरकारलाई नेपालको सातौँ आवधिक प्रतिवेदन उपर मुद्दाहरुको सूची र प्रश्नहरु पठाएको थियो। उक्त मुद्दाहरुको सूची र प्रश्न उपर नेपाल सरकारले जवाफ समेत दिएको थियो।

सिडको आवधिक प्रतिवेदन प्रक्रियानुरुप जनवरी ६, २०२५ भित्रमा महिलाको क्षेत्रमा काम गर्ने २८ वटा संघसंस्थाहरुले आफ्नो छायाँ प्रतिवेदन वा वैकल्पिक प्रतिवेदन वा नागरिक समाजको प्रतिवेदन बुझाएका थिए। त्यसैगरी राष्ट्रिय मानवअधिकारका निकायहरु विशेषत: राष्ट्रिय मानवअधिकार आयोग नेपाल र राष्ट्रिय महिला आयोगले संयुक्त रुपमा आफ्नो स्वतन्त्र प्रतिवेदन बुझाएका थिए।

उल्लेखित सम्पूर्ण प्रतिवेदनहरु र प्राप्त सूचनाहरुको आधारमा महिला विरुद्ध हुने भेदभाव उन्मूलन समितिको फेब्रुअरी ५, २०२५ मा जेनेभामा बसेको ९०औँ सत्रको बैठकले फेब्रुअरी २८, २०२५ मा नेपाल सरकारलाई निश्कर्षात्मक टिप्पणी दिएको छ। सो निश्कर्षात्मक टिप्पणीलाई अबको आठौँ आवधिक प्रतिवेदन बुझाउनुपूर्व पुर्णरुपमा कार्यान्वयन गर्न बाध्य हुनेछ। यसर्थ, उक्त प्राप्त निश्कर्षात्मक टिप्पणीहरुलाई योजनावद्ध र व्यवस्थित रुपमा प्रभावकारी कार्यान्वयनमा लैजानका निम्ति सरकारलाई पूर्णरुपमा सघाउनु हामीजस्ता सम्पूर्ण सामाजिक संघसंस्थाहरुको दायित्वभित्र पर्दछ।

## २. यस प्रकाशनको उद्देश्य

महिला विरुद्ध हुने भेदभाव उन्मूलन समितिको फेब्रुअरी ५, २०२५ मा जेनेभामा बसेको ९०औँ सत्रको बैठकले नेपाल सरकारलाई दिएको निश्कर्षात्मक टिप्पणी फेब्रुअरी २८, २०२५ मा प्राप्त भएको छ। भाषागत रुपमा यो दस्तावेज अंग्रेजीमा भएकोले सबैका लागि सहज पहुँच छैन। विशेषत: डिसाविलिटी राइटस फण्ड (Disability Rights Fund) को आर्थिक सहयोगमा सञ्चालित यस *'अन्तरविविधताको आन्दोलन निर्माणका निम्ति सेतुको निर्माण'* परियोजना अन्तरगत निर्माण भएको अतिसिमान्तकृत तथा न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका महिला तथा किशोरीहरुद्वारा स्थापित र नेतृत्व गरिएका संस्थाहरुका लागि यो दस्तावेजले ठूलो अर्थ राख्दछ।

यस निश्कर्षात्मक टिप्पणीहरुमा अपाङ्गता र अपाङ्गता भएका महिलाहरुका निम्ति पनि नेपाल सरकारलाई विशेष सिफारिसहरु गरिएकोले यी सिफारिसहरुका बारेमा उत्तिकै जानकारी राख्नु सबै अपाङ्गता भएका महिला तथा किशोरीहरुका लागि महत्वपूर्ण हुन्छ। त्यसैले, नेपाल सरकारलाई प्राप्त निश्कर्षात्मक टिप्पणीहरुमा अपाङ्गता र अपाङ्गता भएका महिला र किशोरीहरुका लागि प्राप्त भएका सिफारिसहरुका बारेमा जानकारी प्रदान गरी आगामी दिनमा तीनको कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकायहरुलाई लबि तथा वकालतद्वारा दबाब सृजना गर्ने उद्देश्यले यो दस्तावेज नेपालीकरण गरी प्रकाशन गरिएको हो।

### ३. यस प्रकाशनको प्रयोगको सन्दर्भमा

यो प्रकाशन सिडको सातौँ आवधिक प्रतिवेदन उपर नेपाल सरकारलाई प्राप्त निश्कर्षात्मक टिप्पणीहरुका सम्बन्धमा जान्ने इच्छा राख्ने सबैले प्रयोग गर्न सक्नुहुनेछ। यस प्रकाशनमा निश्कर्षात्मक टिप्पणीको परिभाषा र महत्व तथा अपाङ्गता भएका महिला र किशोरीहरुको सन्दर्भमा रहेका विशेष सिफारिसका साथै निश्कर्षात्मक टिप्पणीको अंग्रेजीको पूर्ण पाठलाई जस्ताकोतस्तै नेपालीमा अनुवाद गरिएको छ। यसर्थ यस प्रकाशनलाई आवश्यकतानुसार इच्छाएको अंश मात्रै पनि हेर्न र त्यसलाई प्रयोगमा ल्याउन सकिनेछ। यद्यपि, यो प्रकाशन मूलत: अपाङ्गता भएका महिला अधिकारकर्मी तथा तीनका प्रतिनिधि संस्था र अन्य अपाङ्गता भएका संघसंस्थाहरुका लागि पनि लक्षित गरी प्रकाशन गरिएको हो। यसर्थ उनीहरुले आफ्नो लवि तथा पैरवी, सचेतना अभिवृद्धि र सशक्तिकरणका कार्यक्रमहरुमा यसलाई आवश्यकतानुसार सहजै प्रयोग गर्नसक्नेछन्।

# खण्ड खः निश्कर्षात्मक टिप्पणी र अपाङ्गता तथा अपाङ्गता भएका महिला लक्षित निश्कर्षात्मक टिप्पणी

## १. निश्कर्षात्मक टिप्पणीको परिचय

'निश्कर्षात्मक टिप्पणीहरु' भन्नाले संयुक्त राष्ट्रसंघका सन्धि निकायहरुद्वारा जारी गरिने आधिकारीक दस्तावेजहरु हुन् जुन मूख्य अन्तर्राष्ट्रिय मानवअधिकारका सन्धि तथा महासन्धिहरुको कार्यान्वयनको अनुगमन गर्ने स्वतन्त्र विज्ञहरुको समितिहरुले कुनै देशको सम्बन्धित विशिष्ट सन्धि-महासन्धिको कार्यान्वयनको अवस्था पुनरावलोकन गरेपछि मात्रै गरिन्छ । सामान्यर्थमा निश्कर्षात्मक टिप्पणीहरु भन्नाले संयुक्त राष्ट्रसंघको समितिले कुनै देशले आफ्नो मानवअधिकारप्रतिको दायित्वहरु कत्तिको राम्रोसँग पुरा गरिरहेको छ भनेर मूल्याङ्कन गरेर सो देशलाई दिने सिफारिस र मूल्याङ्कनहरु हुन् ।

निश्कर्षात्मक टिप्पणीका लागि निश्चित प्रक्रिया छ । यसका लागि सर्बप्रथमत: पक्षराष्ट्रले सम्बन्धित सन्धि वा महासन्धिको कार्यान्वयनको प्रगतिको सम्बन्धमा संयुक्त राष्ट्रसंघको समितिलाई आवधिक प्रगति प्रतिवेदन बुझाउनुपर्दछ । प्राप्त प्रतिवेदनका आधारमा सम्बन्धित सन्धिको विज्ञहरुको समितिले पुनरावलोकन गर्दछ । नागरीक समाज लगायत अन्य राष्ट्रिय मानवअधिकारका निकायहरुद्वारा प्रदान गरिएका सूचनाहरुसमेतलाई मध्यनजर गर्दै तीनै पक्ष – सरकारका प्रतिनिधि, राष्ट्रिय मानवअधिकारका निकायका प्रतिनिधि र नागरिक समाजका प्रतिनिधिहरुबीच संवाद गर्दछ । त्यसपछि सो पक्षराष्ट्रलाई 'निश्कर्षात्मक टिप्पणी' दिने गर्दछ ।

निश्कर्षात्मक टिप्पणीहरु मूलत: तीन पक्षमा प्रदान गरिन्छ –

- **सकरात्मक पक्षः** पक्षराष्ट्रले सम्बन्धित सन्धि वा महासन्धिको कार्यान्वयनको लागि गरेको राम्रो पक्ष वा सबल पक्ष वा असल अभ्यास
- **चासोः** पक्षराष्ट्रमा सम्बन्धित सन्धि वा महासन्धिको कार्यान्वयनको सन्दर्भमा भएका रिक्तता तथा मानवअधिकार उल्लंघनका बारेमा गम्भीर चासो व्यक्त
- **सिफारिसहरुः** सम्बन्धित पक्षराष्ट्रले कसरी सुधार गर्ने भन्ने सम्बन्धमा सिफारिस

निश्कर्षात्मक टिप्पणीको उद्देश्य मानवअधिकार संरक्षणको कार्यलाई सुधार गर्न सम्बन्धित सरकारहरुलाई मार्गदर्शन गर्ने; सन्धिकार्यान्वयनको दायित्वप्रति देशहरुलाई जवाफदेहि बनाउने; र नागरिक समाजका संघसंस्थाहरुद्वारा वकालतका लागि सुसूचित गर्ने रहेको छ ।

## २. अपाङ्गता तथा अपाङ्गता भएका महिला लक्षित निश्कर्षात्मक टिप्पणी

सिडको सातौँ आवधिक प्रतिवेदन उपर नेपाल सरकारलाई प्राप्त निश्कर्षात्मक टिप्पणीमा अपाङ्गता र अपाङ्गता भएका महिलाहरुलाई लक्षित गरी विभिन्न चासो र सिफारिसहरु प्रदान गरिएको छ । एक्काइस पृष्ठमा रहेको त्यो मूख्य दस्तावेजमा ७ ठाउँमा 'अपाङ्गता', १ ठाउँमा 'अपाङ्गता भएको व्यक्ति', १२ ठाउँमा 'अपाङ्गता भएको महिलाहरु', र १३ ठाउँमा 'अपाङ्गता भएका महिला तथा

किशोरीहरु' भन्ने शब्दावलीहरुको प्रयोग गरिएको छ। यो समग्र अपाङ्गता अधिकारको आन्दोलन र अपाङ्गता भएका महिलाहरुको अधिकारको आन्दोलनमा ठूलो उपलब्धि हो। यसका आधारमा सो दस्तावेजमा अपाङ्गता भएका व्यक्ति तथा अपाङ्गता भएका महिला र किशोरीहरुको सन्दर्भमा प्राप्त निश्कर्षात्मक टिप्पणीहरुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ –

### २.१. सकरात्मक पक्षहरु

५ (ज). विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धि लैङ्गिक समानता, **अपाङ्गता** र सामाजिक समावेशीकरण रणनैतिक योजना, २०१८

### २.२. चासोका मूख्य क्षेत्र तथा सिफारिसहरु

यस निश्कर्षात्मक टिप्पणीहरुमा अपाङ्गता, अपाङ्गता भएका महिला वा अपाङ्गता भएका महिला तथा किशोरीहरुको सम्बन्धमा प्राप्त मूख्य चासो तथा सिफारिसहरुलाई देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छ –

| चासोको मूख्य क्षेत्र | चासोका सवालहरु | सिफारिसहरु |
|---|---|---|
| महासन्धिको प्रदर्शन, त्यसमा रहेको ऐच्छिक आलेख र समितिको सामान्य सिफारिसहरू | समितिले सर्वोच्च अदालतका १२१ निर्णय, आदेश र निर्देशनहरूमा महासन्धिलाई उल्लेख गरिएको कुराको प्रशंसा गर्दै टिप्पणी गर्छ। यद्यपि, महिलाहरू, विशेष गरी ग्रामीण महिलाहरू, आदिवासी महिलाहरू, दलित महिलाहरू र **अपाङ्गता भएका महिलाहरू**, महासन्धिमा भएका अधिकारहरुको बारेमा र ती अधिकारहरूको उल्लङ्घनको दाबी गर्न उनीहरूलाई उपलब्ध उपचारहरू बारे सचेत नरहेको प्रति चासो व्यक्त गर्दछ। यस समिति र अन्य मानवअधिकारका संयन्त्रहरुले गरेका सिफारिसहरुको कार्यान्वयनको लागि बृहत् संयन्त्रको अभाव रहेको प्रति पनि चिन्ता व्यक्त गर्दछ। | ९. क. महासन्धि अन्तर्गत महिलाहरूलाई उनीहरूको अधिकारहरू र ती अधिकारहरूको उल्लङ्घनको दाबी गर्न उपलब्ध कानुनी उपचारहरूको बारेमा सचेतना अभिवृद्धि गर्ने, र महासन्धि, स्वेच्छिक आलेख र समितिका सामान्य सिफारिसहरू सम्बन्धी जानकारी **सबै महिलाहरूलाई पहुँचयुक्त ढाँचाहरूमा उपलब्ध** छ भनी सुनिश्चित गर्ने; |
| संवैधानिक तथा विधायिकी संरचना | १०. पक्षराष्ट्र विभेदका अन्तरसम्बद्दताका विभिन्न स्वरुपहरुको सामना गरिरहेका पिछडिएका र सीमान्तकृत समूहका महिलाहरु, विशेष गरी ग्रामीण महिला, वृद्ध महिला, आदिवासी महिला, दलित महिला, **अपाङ्गता भएका महिला**, समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिला, एकल महिला, धार्मिक अल्पसंख्यक महिला, मधेशी महिला र शरणार्थी तथा आप्रवासी महिलाहरूको संरक्षण गर्न रहेको बृहत् भेदभाव विरुद्को कानूनको रिक्तता उपर यस समिति चासो व्यक्त गर्दछ। समिति विशेष अवसर विधेयक अपनाउनमा भएको ढिलाइप्रति समेत चासो व्यक्त गर्दछ। | ११. ख. महिलाहरू विरुद्ध हुने विभेदहरुलाई उमेर, राष्ट्रियता, जातीयता, **अपाङ्गता**, तथा सामाजिक-आर्थिक स्थितिका आधारमा खण्डिकृत तथ्यांक संकलन गर्न प्रभावकारी प्रणाली स्थापना गर्ने। |

| | | |
|---|---|---|
| न्यायमा पहूँच | १२. क. महिलाको न्यायमा पहूँचमा निरन्तर अवरोधहरू, कलंक, प्रतिशोधको डर, जरा गाडेर रहेको लैङ्गिक पुरातन सोँच, सीमित कानुनी साक्षरता, र कानूनी लागतहरू, विशेष गरी महिला यौनकर्मी, दलित महिला, आदिवासी महिला, **अपाङ्गता भएका महिला** र आप्रवासी महिला जस्ता पिछडिएका र सीमान्तकृत समूहका महिला र किशोरीहरु; | १३. ख. महिला र किशोरीहरु, विशेष गरी पिछडिएका समूहका महिलाहरूमा, महासन्धि अन्तर्गतका आफ्ना अधिकारहरू र नागरिक समाज संस्थाहरूसँगको सहकार्यमा ती अधिकारहरू दाबी गर्न उपलब्ध उपचारहरूको बारेमा सचेतना अभिवृद्धि गर्ने, र महिलाहरूको न्यायमा पहुँचलाई रोक्ने वा सीमित गर्ने अवरोधहरूलाई सम्बोधन गर्ने, विशेष गरी आदिवासी महिला र **अपाङ्गता भएका महिलाहरू**द्वारा, आदिवासी भाषाहरूमा व्याख्या सेवाहरू र पहुँचयुक्तताका उपायहरू, उपयुक्त अनुकुलता, प्रक्रियागत समायोजन र सहयोगी सहितको निर्णय प्रक्रियाका प्रावधानहरुमा सहजीकरण गर्ने । |
| महिलाको उन्नतिका लागि राष्ट्रिय संयन्त्र | १६. क. राष्ट्रिय लैङ्गिक समानता नीति, लैङ्गिक-उत्तरदायी बजेटको प्रयोग र सबै सरकारी विभागहरूमा **अन्तरविविधताको दृष्टिकोण**को साथ लैङ्गिक मूलप्रवाहीकरणको प्रभावकारी रूपमा कार्यान्वयन गर्न गरिएका उपायहरूको बारेमा जानकारीको अभाव; | १७.ग. पिछडिएका समूहहरुमा लक्षित सार्वजनिक समानता र गैर-भेदभाव नीतिहरूको परिभाषा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा अपाङ्गता, आदिवासी वा दलितको स्थिति, यौन झुकाव, लैङ्गिक पहिचान र आप्रवासी स्थिति जस्ता पहिचानका लागि महिलाहरूको फरक अवस्थाहरूमा आधारित लैङ्गिक र विविधताको लागि अन्तरविविधताको दृष्टिकोण अवलम्बन गर्ने । |
| अस्थायी विशेष उपायहरु | २०. क. सबै क्षेत्रहरूमा, विशेष गरी राजनीतिक र सार्वजनिक जीवनमा निर्णायक तहहरुमा, यी उपायहरूको विकास र कार्यान्वयनमा, आदिवासी महिला, **अपाङ्गता भएका महिला**, दलित महिला, धार्मिक अल्पसंख्यक समुदायका महिला, आप्रवासी महिला र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरु लगायत विपन्न समूहहरूका महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अस्थायी विशेष उपायहरू र पर्याप्त संयन्त्रहरूको अभाव; | २१. ख. विशेष गरी आदिवासी महिला, **अपाङ्गता भएका महिला**, दलित महिला, धार्मिक अल्पसंख्यक समुदायका महिला, आप्रवासी महिला र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरूको सन्दर्भमा अस्थायी विशेष उपायहरू तर्जुमा गर्दा अन्तरविविधताको भेदभावको सामना गरिरहेका सबै महिला र किशोरीहरूको विशेष आवश्यकताहरू पहिचान गर्ने, र यी उपायहरूको प्रभावकारिताको नियमित रूपमा मूल्याङ्कन गर्न संयन्त्रहरू स्थापना गर्ने; |

| | | |
|---|---|---|
| महिला विरुद्ध हुने लिङ्गमा आधारित हिंसा | २६. क. महिला विरुद्ध हुने सबै प्रकारका लिङ्गमा आधारित हिंसालाई विशेष रूपमा अपराधीकरण गर्ने विस्तृत कानूनको अभाव, जसमा मनोवैज्ञानिक हिंसा, प्रविधि-सहज हिंसा र जलवायु उत्प्रेरित हिंसा, र ग्रामीण महिला, वृद्ध महिला, **अपाङ्गता भएका महिला र किशोरीहरू**, आदिवासी महिला र किशोरीहरू, धार्मिक र जातीय अल्पसंख्यकका महिला र किशोरीहरू, आप्रवासी र शरणार्थी महिला र किशोरीहरू, समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिला र यौनकर्मीहरू लगायत अन्तरविविधताको विभेदको सामना गरिरहेका महिला र किशोरीहरूको लागि लिङ्गमा आधारित हिंसाबाट अपर्याप्त संरक्षण; | २७. क. महिला र किशोरीहरू विरुद्ध हुने सबै प्रकारका लिङ्गमा आधारित हिंसालाई विशेष रूपमा अपराधीकरण गर्ने सुनिश्चित गर्न बृहत् कानूनको अबलम्बन गर्नुपर्ने, जसमा मनोवैज्ञानिक हिंसा, प्रविधि-सहयोगी हिंसा र जलवायु-प्रेरित हिंसा समावेश छ, ग्रामीण महिला, वृद्ध महिला, **अपाङ्गता भएका महिला र किशोरीहरु**, आदिवासी महिला र किशोरीहरू, धार्मिक र जातीय अल्पसंख्यकहरू, आप्रवासी र शरणार्थी महिलाहरू र किशोरीहरू, यौनकर्मीहरू, र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरू लगायत सीमान्तकृत समूहहरूको महिलाहरूको विशेष सुरक्षा आवश्यकताहरूलाई ध्यानमा राख्दै;<br>२७. ग. लैङ्गिक हिंसाका पीडित महिला तथा बालिकाहरूका लागि विशेष सेवाहरूको उपलब्धता सुनिश्चित गर्ने, त्यस्ता सेवाहरू समावेशी, **पहुँचयुक्त** र ग्रामीण क्षेत्रमा उपलब्ध छन् भनी सुनिश्चित गर्ने; |
| शिक्षा | ३६.ख. शिक्षामा बालिकाहरू, विशेष गरी मधेश प्रदेशमा, कम उमेरमा गर्भावस्था, बालविवाह र **अपाङ्गता भएका बालिकाहरू** विरुद्धको भेदभावका कारणले गर्दा शिक्षा छोड्ने घटनाहरू;<br>३६.ग. शिक्षामा **अपाङ्गता भएका महिला र बालिकाहरू** विरुद्ध भेदभाव; | ३७.ग. अपाङ्गता भएका सबै महिला र किशोरीहरूको गुणस्तरीय समावेशी शिक्षामा पहुँच सुनिश्चित गर्नुपर्ने र विद्यालयमा उनीहरूको टिकाइलाई प्रवर्द्धन गर्नुपर्ने, र **अपाङ्गता भएका महिला र किशोरीहरू** सहित महिला र किशोरीहरूलाई सुरक्षित र समावेशी शैक्षिक वातावरण प्रदान गर्न भेदभाव, उत्पीडन र हिंसाबाट मुक्त राष्ट्रिय दुर्व्यवहार विरोधी नीति अपनाउनुपर्ने; |
| रोजगार | ३८.ङ. डिजिटल अर्थतन्त्रमा **अपाङ्गता भएका महिला** र अन्य पिछडिएका समूहका महिलाहरूको विशेष आवश्यकताहरूलाई सम्बोधन गर्न चालिएका उपायहरूको अभाव। | ३९.ङ. विशेष गरी डिजिटल अर्थतन्त्र जस्ता उदीयमान क्षेत्रहरूमा महिला र किशोरीहरू, **अपाङ्गता भएका महिला र किशोरीहरू** सहित, समान अवसरहरू सुनिश्चित गर्नुपर्ने। |

| | | |
|---|---|---|
| स्वास्थ्य | ४२. ख. यौन तथा प्रजनन स्वास्थ्यको बारेमा उमेर-उपयुक्त शिक्षाको अभाव, र किफायती महिनावारी स्वच्छता उत्पादनहरू, गर्भनिरोधकहरू, परिवार नियोजन सेवाहरू, स्त्री रोग सेवाहरू, मानसिक स्वास्थ्य सेवाहरूमा सीमित पहुँच, आत्महत्या रोकथाम, र गैर-आकस्मिक चिकित्सा सेवा सहित, विशेष गरी ग्रामीण महिलाहरूको लागि, आदिवासी महिलाहरू, **अपाङ्गता भएका महिलाहरू**, यौनकर्मीहरू र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरू;<br>४२.ग. पक्षराष्ट्रमा गर्भपतनलाई वैधानिकता दिइए पनि, पक्षराष्ट्रभरी गर्भपतन सेवाहरूको सीमित उपलब्धता र गुणस्तर, प्रशिक्षित कर्मचारीहरूको अभाव, अपर्याप्त पूर्वाधार, उपलब्ध सेवाहरूको बारेमा महिलाहरूको चेतनाको कमी र कलंकका कारण सुरक्षित गर्भपतन सेवाहरू पूर्ण रूपमा **पहुँचयुक्त** छैनन्;<br>४२. घ. विशेष गरी युवतीहरू, आदिवासी महिलाहरू, **अपाङ्गता भएका महिलाहरू**, महिला यौनकर्मीहरू र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरू विरुद्ध भेदभाव, दुर्व्यवहार, अपमानपूर्ण व्यवहार र प्रसूति हिंसाका रिपोर्टहरू;<br>४२. च. युवतीहरु सहित अन्तरलिङ्गी बालबालिका र अपाङ्गता भएका किशोरीहरूमा गरिएको चिकित्सकीय रूपमा अनावश्यक र अपरिवर्तनीय शल्यक्रिया र उपचारका रिपोर्ट गरिएका घटनाहरू | ४३.ख. ग्रामीण महिला तथा बालिकाहरू, अविवाहित महिलाहरू, र **अपाङ्गता भएका महिला तथा बालिकाहरू** लगायत महिला तथा बालिकाहरूको परिवार नियोजन, गर्भनिरोधका आधुनिक उपकरणहरु, र सुरक्षित गर्भपतन र गर्भपतनपछिको सेवाहरू लगायत यौन तथा प्रजनन स्वास्थ्य सेवा र जानकारीमा पर्याप्त पहुँच सुनिश्चित गर्नुपर्ने;<br>४३.ग. विशेष गरी ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा, जातीय अल्पसंख्यक, **अपाङ्गता भएका,** ग्रामीण महिला तथा किशोरीहरू, यौनकर्मी र र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरू सहित सबै महिला तथा किशोरीहरूको आत्महत्या रोकथाम कार्यक्रमहरू सहित मानसिक स्वास्थ्य सेवाहरू, र यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू र जानकारी, आधुनिक तथा आपतकालीन गर्भनिरोधक र महिनावारी स्वच्छता उत्पादनहरू सहित पर्याप्त पहुँच सुनिश्चित गर्नुपर्ने; |
| महिलाको आर्थिक सशक्तिकरण | ४४.क. ऋण, जग्गा र सम्पत्तिमा पहुँच सम्बन्धी कानूनी प्रावधानहरूको बावजुद, कानून कार्यान्वयन कमजोर छ र महिलाहरू, विशेष गरी आदिवासी महिलाहरू, दलित महिलाहरू, मधेसी महिलाहरू, **अपाङ्गता भएका महिलाहरू**, लैङ्गिक हिंसाबाट बचेका महिलाहरू, गरिबीमा बाँचिरहेका महिलाहरू, बेतलबी काममा रहेका महिलाहरू र एकल महिलाहरूले प्रायः आर्थिक र सामाजिक लाभ र आर्थिक अवसरहरूमा पहुँच पुर्याउन चुनौतीहरूको सामना गर्छन्; | ४५.क. सामाजिक सुरक्षाको लागि राष्ट्रिय रणनीतिमा लैङ्गिकतालाई मुख्यधारामा समावेश गरेर गरिबीको महिलावादीकरणलाई सम्बोधन गर्ने र महिलाहरू, विशेष गरी पिछडिएका समूहका व्यक्तिहरू, राष्ट्रिय लैङ्गिक समानता नीतिको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नवीकरणमा समान रूपमा सहभागी हुने र पर्याप्त सामाजिक र आर्थिक लाभ, आर्थिक सशक्तिकरण र सामाजिक सुरक्षा योजनाहरूमा पहुँच हुने कुरा सुनिश्चित गर्ने; |

| | | |
|---|---|---|
| अपाङ्गता भएका महिला र किशोरीहरु | ४८. समितिले अपाङ्गता-उत्तरदायी स्वास्थ्य सेवा निर्देशिका (२०२१) अपनाएको कुरालाई ध्यानमा राखेको छ। यद्यपि, पक्षराष्ट्रमा **अपाङ्गता भएका महिला र किशोरीहरू**ले भेदभाव, कलंक र लिङ्ग-आधारित हिंसाका अन्तरविविधताका विभेदहरु सामना गर्छन्, साथै न्याय, शिक्षा, रोजगारी र स्वास्थ्य सेवाहरूमा पहुँचमा महत्त्वपूर्ण अवरोधहरू सामना गर्छन्, र राजनीतिक र सार्वजनिक जीवनबाट बहिष्कृत रहेको प्रति समिति चासो व्यक्त गर्दछ। समिति अपाङ्गता भएका महिला र किशोरीहरूले उनीहरूको स्वतन्त्र र सूचित सहमति बिना शारीरिक परीक्षण र चिकित्सा उपचार र प्रक्रियाहरू, जबरजस्ती बन्ध्याकरण प्रति समेत चासो व्यक्त गर्दछ। | ४९. **अपाङ्गता भएका महिला सम्बन्धी समितिको सामान्य सिफारिस नम्बर १८ (१९९१) र २०१८ को अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समिति** (CRPD/C/NPL/CO/1) को सिफारिसहरू अनुरूप, समितिले पक्षराष्ट्रलाई अपाङ्गता भएका महिला र किशोरीहरूले न्याय, समावेशी शिक्षा, रोजगारी र स्वास्थ्य सेवाहरू, यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू सहित पहुँच गर्न सक्षम छन् भनी सुनिश्चित गर्न र कुनै पनि परीक्षण वा उपचार उनीहरूले आफ्नो निःशुल्क र सूचित सहमति दिएपछि मात्र गर्न सिफारिस गर्दछ। |
| जलवायु परिवर्तन र विपद् जोखिम न्यूनिकरण | ५०. समिति पक्षराष्ट्र जलवायु परिवर्तनबाट गम्भीर रूपमा प्रभावित भएको कुरालाई टिपोट गर्दछ। यसले पक्षराष्ट्रले २०१८ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन प्राधिकरणको स्थापना, साथै लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण रणनीतिक कार्य योजना, र राष्ट्रिय अनुकूलन योजनालाई जलवायु परिवर्तन अनुकूलनलाई अवस्थित नीति, रणनीति र योजनाहरूमा एकीकृत गर्ने कुरालाई उल्लेख गर्दछ। यद्यपि, महिलाहरू, विशेष गरी ग्रामीण महिलाहरू, आदिवासी महिलाहरू, आप्रवासी महिलाहरू, **अपाङ्गता भएका महिलाहरू** र गरिबीमा बाँचिरहेका महिलाहरू, जलवायु परिवर्तन, पहिरो, बाढी र जैविक विविधताको क्षतिबाट अनुपातिक रूपमा प्रभावित भएको प्रति चासो व्यक्त गर्दछ, किनकि तिनीहरू प्रायः खुला क्षेत्रहरूमा बस्छन् र उनीहरूको जलवायु परिवर्तन लचिलोपन बढाउन आवश्यक सामना गर्ने संयन्त्रहरूको अभाव छ। | ५१.ख. लैङ्गिक समानता, **अपाङ्गता** र सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजनाको कार्यान्वयनलाई सुदृढ पार्ने र जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण कानून, नीति, वित्तपोषण र महिला तथा बालिकाहरूको लचिलोपन र जलवायु परिवर्तनमा प्रभावकारी अनुकूलन निर्माण गर्न कार्यक्रमहरूमा लैङ्गिक दृष्टिकोण समावेश गर्ने;<br>५१.ग. समुदाय र महिला तथा बालिकाहरू, ग्रामीण महिला तथा **अपाङ्गता भएका महिलाहरू** लगायत, जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापन साक्षरता र जागरूकता बढाउने, उनीहरूलाई आफ्नो अधिकारको माग गर्न र प्रभावकारी रूपमा जलवायु परिवर्तनसँग सम्बन्धित निर्णय लिने र जलवायु परिवर्तनको प्रभावहरू प्रति महिला तथा बालिकाहरूको लचिलोपन निर्माण गर्ने अनुकूलन रणनीति र कार्यहरूको विकासमा सशक्त बनाउने; |
| विवाह र पारिवारीक सम्बन्ध | ५२.घ. छोरी र श्रीमतीहरूको लागि समान उत्तराधिकार अधिकार सुनिश्चित गर्ने कानुनी प्रावधानहरूको बावजुद, परम्परागत अभ्यास र सामाजिक दबाबले महिलाहरूलाई, विशेष गरी श्रीमान गुमाएकाहरु, एकल आमाहरू र **अपाङ्गता भएका महिलाहरू र किशोरीहरूलाई**, आफ्नो उत्तराधिकार दाबी गर्नबाट रोक्छ; | ५३.ङ. उत्तराधिकार सम्बन्धी कानुनी प्रावधानहरू लागू गर्नुपर्ने र महिलाहरूलाई उत्तराधिकार प्राप्त गर्नका लागि सबै व्यावहारिक अवरोधहरू हटाउनुपर्ने, विशेष गरी विधवाहरू, एकल आमाहरू, र महिलाहरू र **अपाङ्गता भएका किशोरीहरू**, सचेतना अभिवृद्धि गर्ने उपायहरू र धम्कीबाट संरक्षण, र न्यायपालिकाको लागि तालिम,परम्परागत न्यायकर्मीहरू र परम्परागत अदालतका न्यायाधीशहरू सहित; |

# खण्ड ग: महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धि समितिले नेपाल सरकारलाई दिएको निश्कर्षात्मक टिप्पणीको नेपालीकरण

संयुक्त राष्ट्रसंघ | सिड/सि/नेपाल/सिओ/७

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धि महासन्धि**

डिस्ट्रि: सामान्य
२८ फेब्रुअरी २०२५
(फागुन २८, २०८१)

मूख्य दस्तावेज: अंग्रेजी

**महिला विरुद्ध हुने भेदभाव उन्मूलन सम्बन्धि समिति**

## नेपालको सातौँ आवधिक प्रतिवेदन उपर निश्कर्षात्मक टिप्पणी*

१. यस समितिले नेपालको सातौँ आवधिक प्रतिवेदन (सिड/सी/नेपाल/नेपाल/७) उपर फेब्रुअरी ५, २०२५ मा बसेको २१२२औं र २१२३औं बैठक (हेर्नुहोस् सिड/सी/एसआर.२१२२ र सिड/सी/एसआर.२१२३) मा विचार गर्यो। पूर्व-सत्र कार्यसमूहले उठाएका मुद्दा र प्रश्नहरुको सूची सि/सि/नेपाल/क्यू/७ मा समावेश छ, र नेपालको जवाफहरु सिड/सि/नेपाल/आरक्यू/७ मा राखिएको छ।

### क. परिचय

२. समितिले राज्य पक्षले आफ्नो सातौं आवधिक प्रतिवेदन पेश गरेकोमा प्रशंसा गर्दछ। यसले समितिको अघिल्लो निश्कर्षात्मक टिप्पणी (CEDAW/C/NPL/FCO/6) र पूर्व-सत्र कार्य समूहले उठाएका मुद्दाहरू र प्रश्नहरूको सूचीमा पक्षराष्ट्रले दिएको लिखित जवाफहरूको पनि प्रशंसा गर्दछ। यस समिति प्रतिनिधिमण्डलको मौखिक प्रस्तुतीकरण र संवादको क्रममा समितिले मौखिक रूपमा सोधेका प्रश्नहरूको जवाफमा प्रदान गरिएका थप स्पष्टीकरणहरूको स्वागत गर्दछ।

३. यस समिति महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री माननिय नवल किशोर साह सुरीले नेतृत्व गर्नुभएको र उक्त प्रतिनिधिमण्डलमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्रीको कार्यालय तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधिहरू तथा संयुक्त राष्ट्रसंघका लागि नेपाल सरकारका स्थायी प्रतिनिधि श्री रामप्रसाद सुवेदी लगायत अन्य प्रतिनिधिहरू सहितको नेपालको उच्चस्तरीय प्रतिनिधिमण्डलको प्रशंसा गर्दछ।

### ख. सकरात्मक पक्षहरु

४. समितिले पक्ष राष्ट्रको सन् २०१८ देखिका अघिल्लो प्रतिवेदन (CEDAW/C/NPL/6) को मध्यनजर गरी ल्याएको विधायीकि सुधारहरू, विशेष गरी निम्न कुराहरू अपनाउने सम्बन्धमा हासिल गरेको प्रगतिको स्वागत गर्दछ:

क) सन् २०२४ मा मधेश प्रदेश सरकारद्वारा पारित बालिका संरक्षण तथा सशक्तिकरण ऐन, २०८१;

ख) सन् २०२३ मा नेपाली महिला र अज्ञात बुबाका सन्तानले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने नेपाल नागरिकता ऐनको संशोधन २०७९;

ग) सन् २०२१ मा जारी गरेको मानव अधिकारकर्मीहरुको सुरक्षा तथा संरक्षण सम्बन्धि आदेश;

घ) सन् २०१८ मा जारी गरेको अनिवार्य र निःशूल्क शिक्षा ऐन।

५. महिला विरुद्धको भेदभाव उन्मूलन र लैङ्गिक समानताको प्रवर्दन गर्न संस्थागत तथा नीतिगत सुधारका लागि उठाएका कदमहरू र देहायका निति र योजनाहरुको अनुमोदन गर्ने पक्ष राष्ट्रको प्रयासलाई समितिले स्वागत गर्दछ:

(क) सन् २०२३ मा जारी गरेको राष्ट्रिय लैङ्गिक समानता नीतिको कार्यान्वयनका लागि राष्ट्रिय कार्य योजना;

(ख) सन् २०२३ मा जारी गरेको घरेलु कामदारहरूको औपचारिकीकरण सम्बन्धी २०२३-२०२५ को लागि औपचारिकीकरण सम्बन्धी राष्ट्रिय कार्य योजना;

(ग) सन् २०२१ मा जारी गरेको राष्ट्रिय लैङ्गिक समानता नीति;

(घ) सन् २०२१ मा जारी गरेको विभेदपूर्ण लिङ्ग छनौटको अन्त्यका लागि राष्ट्रिय रणनीति २०७८-२०८८;

(ङ) सन् २०२१ मा जारी गरेको सन् २०२३ सम्म सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य मार्गचित्र;

(च) सन् २०२१ मा जारी गरेको जेरियाट्रिक स्वास्थ्य क्षेत्र रणनीति;

(छ) सन् २०१९ मा जारी गरेको एकीकृत कानूनी सहायता नीति;

(ज) सन् २०१८ मा जारी गरेको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्य योजना;

(झ) सन् २०१८ मा जारी गरेको विपद् जोखिम न्यूनिकरणका लागि राष्ट्रिय नीति।

**ग) दिगो विकास लक्ष्य**

**६. समिति दिगो विकास लक्ष्यहरु प्राप्त गर्नका लागि गरिएको अन्तर्राष्ट्रिय सहायतालाई स्वागत गर्दछ, र दिगो विकासका लागि २०३० एजेण्डा कार्यान्वयनको प्रक्रियामा महासन्धिमा गरिएको प्रावधानअनुरुप लैङ्गिक समानतालाई डि जुरे (कानुनी) र डिफ्याक्टो (व्यवहारिक) रुपमा नै प्रत्याभूत गर्नका लागि आह्वान गर्दछ । समिति लक्ष्य ५ र १७ वटै लक्ष्यहरूमा समानता र गैरविभेदको सिद्धान्तहरूको मुलप्रवाहीकरणको महत्वलाई पुन:स्मरण गर्दछ । यसले पक्षराष्ट्रलाई महिलाहरूलाई पक्षराष्ट्रको दिगो विकासको चालक शक्तिको रूपमा मान्यता प्रदान गर्न र त्यसका लागि सान्दर्भिक नीति र रणनीतिहरू अपनाउन समेत आग्रह गर्दछ ।**

**घ) संसद**

**७. समितिले महासन्धिको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न विधायिकी शक्तिको महत्त्वपूर्ण भूमिकामा जोड दिन्छ (हेर्नुहोस् A/65/38, भाग दुई, अनुसूची VI) । यसले संघीय संसदलाई आफ्नो जनादेश अनुसार, महासन्धि अन्तर्गतको अर्को आवधिक प्रतिवेदन पेश गर्ने समय र वर्तमान निश्कर्षात्मक टिप्पणीको कार्यान्वयन सम्बन्धी आवश्यक कदम चाल्न आमन्त्रित गर्दछ ।**

**ङ) चासोका मुख्य क्षेत्रहरू र सिफारिसहरू**

**महासन्धिको प्रदर्शन, त्यसमा रहेको ऐच्छिक आलेख र समितिको सामान्य सिफारिसहरू**

८. समितिले सर्वोच्च अदालतका १२१ निर्णय, आदेश र निर्देशनहरूमा महासन्धिलाई उल्लेख गरिएको कुराको प्रशंसा गर्दै टिप्पणी गर्छ । यद्यपि, महिलाहरू, विशेष गरी ग्रामीण महिलाहरू, आदिवासी महिलाहरू, दलित महिलाहरू र अपाङ्गता भएका महिलाहरू, महासन्धिमा भएका अधिकारहरुको बारेमा र ती अधिकारहरूको उल्लङ्घनको दाबी गर्न उनीहरूलाई उपलब्ध उपचारहरू बारे सचेत नरहेको प्रति चासो व्यक्त गर्दछ । यस समिति र अन्य मानवअधिकारका संयन्त्रहरुले गरेका सिफारिसहरुको कार्यान्वयनको लागि बृहत् संयन्त्रको अभाव रहेको प्रति पनि चिन्ता व्यक्त गर्दछ ।

**९. यस समितिले पक्षराष्ट्रलाई देहायका सिफारिसहरु गर्दछ :**

**क. महासन्धि अन्तर्गत महिलाहरूलाई उनीहरूको अधिकारहरू र ती अधिकारहरूको उल्लङ्घनको दाबी गर्न उपलब्ध कानुनी उपचारहरूको बारेमा सचेतना अभिवृद्धि गर्ने, र महासन्धि, स्वेच्छिक आलेख र समितिका सामान्य सिफारिसहरू सम्बन्धी जानकारी सबै महिलाहरूलाई पहुँचयुक्त ढाँचाहरूमा उपलब्ध छ भनी सुनिश्चित गर्ने;**

**ख.सूचना अभियान, नागरिक समाजसँगको सहकार्य, सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग, र मिडियासँगको सहकार्य मार्फत महासन्धि, स्वेच्छिक आलेख र समितिका सामान्य सिफारिसहरूलाई व्यापक रूपमा प्रचार गर्ने;**

**ग. प्रतिवेदन पेश गर्न, कार्यान्वयन र अनुगमन गर्नका लागि एउटा राष्ट्रिय संयन्त्रको स्थापन गर्ने; त्यस्तो संयन्त्र निर्माण गर्दा संलग्नता, समन्वय, परामर्श र सूचना व्यवस्थापनका चार प्रमूख क्षमताहरुलाई ध्यानमा राख्ने, र, महिला अधिकार र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने नागरिक समाज संस्थाहरूसँग यसको काममा परामर्श गरिएको सुनिश्चित गर्ने ।**

**संवैधानिक तथा विधायिकी संरचना**

१०. पक्षराष्ट्र विभेदका अन्तरसम्वद्दताका विभिन्न स्वरुपहरुको सामना गरिरहेका पिछडिएका र सीमान्तकृत समूहका महिलाहरु, विशेष गरी ग्रामीण महिला, वृद्ध महिला, आदिवासी महिला, दलित महिला, अपाङ्गता भएका महिला, समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिला, एकल महिला, धार्मिक अल्पसंख्यक महिला, मधेशी महिला र शरणार्थी तथा आप्रवासी महिलाहरूको संरक्षण गर्न रहेको बृहत् भेदभाव विरुद्दको कानूनको रिक्तता उपर यस समिति चासो व्यक्त गर्दछ । समिति विशेष अवसर विधेयक अपनाउनमा भएको ढिलाइप्रति समेत चासो व्यक्त गर्दछ ।

**११. समिति आफ्नो अघिल्लो सिफारिसलाई पुन: दोहोर्याउँछ (CEDAW/C/NPL/CO/1, अनुच्छेद ९) र पक्षराष्ट्रलाई देहायको सिफारिस गर्दछ:**

**क. विशेष अवसर विधेयक पारित गर्नका लागि तीव्रता प्रदान गर्ने, र महासन्धिको धारा १ र २, महासन्धिको धारा २ अन्तरगत रहेको समितिको आधारभूत व्याख्या नम्बर २८ (२०१०) अन्तरगत पक्षराष्ट्रको मूख्य दायित्व, र दिगो विकास लक्ष्य ५.१ अनुरुप सबैतिर सबै प्रकारका भेदभाव अन्त्य गर्नका लागि सार्वजनिक तथा नीजि वृत्तहरुमा हुने प्रत्यक्ष र अप्रत्यक्ष विभेदहरुलाई समेटिएको सुनिश्चित गर्ने;**

**ख. महिलाहरू विरुद्ध हुने विभेदहरुलाई उमेर, राष्ट्रियता, जातीयता, अपाङ्गता, तथा सामाजिक-आर्थिक स्थितिका आधारमा खण्डिकृत तथ्यांक संकलन गर्ने प्रभावकारी प्रणाली स्थापना गर्ने ।**

**न्यायमा पहुँच**

१२. समितिले संस्थागत सुधार परियोजना मार्फत एकीकृत कानुनी सहायता नीतिको कार्यान्वयन र न्यायमा पहुँच बढाउने पक्षराष्ट्रको प्रयासलाई ध्यानमा राखेको छ, साथसाथै उनीहरुको न्यायमा पहुँच बढाउनका लागि १७५ दलित डेस्क (सहायता कक्ष) को स्थापनालाई समेत ध्यानमा राखेको छ । यद्यपि, समिति तपसिलका सवालहरुमा चासो व्यक्त गर्दछ:

क. महिलाको न्यायमा पहूँचमा निरन्तर अवरोधहरू, कलंक, प्रतिशोधको डर, जरा गाडेर रहेको लैङ्गिक पुरातन सोँच, सीमित कानुनी साक्षरता, र कानूनी लागतहरू, विशेष गरी महिला यौनकर्मी, दलित महिला, आदिवासी महिला, अपाङ्गता भएका महिला र आप्रवासी महिला जस्ता पिछडिएका र सीमान्तकृत समूहका महिला र किशोरीहरु;

ख. न्यायपालिका र कानून प्रवर्तन अधिकारीहरूमा महासन्धि र सम्बन्धित राष्ट्रिय कानूनहरुका सम्बन्धमा अपर्याप्त क्षमता निर्माण र लैङ्गिक-उत्तरदायी कानूनी सहायता प्रणालीको अभाव।

**१३. महिलाको न्यायमा पहूँच सम्बन्धि सामान्य व्याख्या नम्बर ३३ (२०१५) लाई पुन:स्मरण गर्दै समिति पक्षराष्ट्रलाई देहाएअनुसार सिफारिस गर्दछ :**

**क. विशेष गरी ग्रामीण महिला र पिछडिएका र सीमान्तकृत समूहका महिलाहरूलाई किफायती वा आवश्यक परेमा नि:शुल्क कानुनी सहायता सेवाहरूमा पहुँच सुनिश्चित गर्ने;**

**ख. महिला र किशोरीहरु, विशेष गरी पिछडिएका समूहका महिलाहरूमा, महासन्धि अन्तर्गतका आफ्ना अधिकारहरू र नागरिक समाज संस्थाहरूसँगको सहकार्यमा ती अधिकारहरू दाबी गर्न उपलब्ध उपचारहरूको बारेमा सचेतना अभिवृद्धि गर्ने, र महिलाहरूको न्यायमा पहुँचलाई रोक्ने वा सीमित गर्ने अवरोधहरूलाई सम्बोधन गर्ने, विशेष गरी आदिवासी महिला र अपाङ्गता भएका महिलाहरूद्वारा, आदिवासी भाषाहरूमा व्याख्या सेवाहरू र पहुँचयुक्तताका उपायहरू, उपयुक्त अनुकुलता, प्रक्रियागत समायोजन र सहयोगी सहितको निर्णय प्रक्रियाका प्रावधानहरुमा सहजीकरण गर्ने।**

**ग. न्यायपालिका र कानून प्रवर्तन अधिकारीहरूलाई महिला मानव अधिकार र लैङ्गिक-संवेदनशील सोधपुछ र अनुसन्धान विधिहरू बारे तालिम प्रदान गर्ने, न्यायिक लैङ्गिक पूर्वाग्रहलाई सम्बोधन गर्ने, र न्यायमा महिलाको पहुँच प्रवर्द्धन गर्नमा र यसलाई निरन्तर सुधार गर्नका लागि त्यस्ता तालिमको प्रभावको मूल्याङ्कन गर्ने।**

### महिला र शान्ति सुरक्षा र संक्रमणकालीन न्याय संयन्त्र

१४. समिति सुरक्षा परिषद्को १३२५ (२०००) र १८२० (२००८) को कार्यान्वयनको लागि दोश्रो राष्ट्रिय कार्ययोजना (२०२२ – २०२५) अपनाएकोमा प्रशंसा गर्दै द्वन्द्व सम्बन्धित यौन हिंसाका पीडित र बाँचेकाहरुमा विशेष ध्यान केन्द्रित गरिएको टिप्पणी गर्दछ। यसले सन् २०२४ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन (२०७१) लाई संशोधन गर्ने विधेयक पारित भएको कुरालाई पनि उल्लेख गर्दछ। यद्यपि, समिति देहायका सवालहरु उपर चासो व्यक्त गर्दछ :

क. सत्य निरुपण तथा मेलमिलाप आयोग र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा कुनै पनि अध्यक्ष वा सदस्य नियुक्त गरिएको छैन, जसले गर्दा दुई संक्रमणकालीन न्याय संयन्त्रहरूलाई आफ्नो कार्यादेश पूरा गर्नबाट रोकिएको छ;

ख. एकल महिलाहरु (विधवाहरू), बेपत्ता पारिएका व्यक्तिहरूका परिवारका सदस्यहरू र बलात्कारका पीडितहरू र अन्य प्रकारका यौन हिंसाका पीडितहरू सहित सशस्त्र द्वन्द्वका पीडित महिला तथा बालिकाहरूका लागि क्षतिपूर्तिको अभाव;

ग. महिला र शान्ति तथा सुरक्षा एजेन्डासँग सम्बन्धित प्रक्रियाहरूमा महिलाको न्यून प्रतिनिधित्व;

घ. मानव, प्राविधिक र वित्तीय स्रोतसाधनको अभावका कारण दोस्रो राष्ट्रिय कार्ययोजनाको सीमित कार्यान्वयन।

**१५. द्वन्द्व रोकथाम, द्वन्द्व र द्वन्द्वोत्तर परिस्थितिहरूमा महिलाहरू सम्बन्धी आफ्नो सामान्य सिफारिस नम्बर ३० (२०१३) र यसको अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/6, अनुच्छेद २३) लाई पुन:स्मरण गर्दै, पक्षराष्ट्रले महिला नागरिक समाज संगठनहरूका प्रतिनिधिहरूसँगको सहकार्यमा महिला र शान्ति र सुरक्षा सम्बन्धी सुरक्षा परिषद्को प्रस्ताव १३२५ (२०००) को कार्यान्वयनको लागि दोस्रो राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न, प्रस्ताव १३२५ (२०००) र त्यसपछिका प्रस्तावहरूमा प्रतिबिम्बित भए अनुसार महिला र शान्ति र सुरक्षा सम्बन्धी परिषद्को एजेन्डाको पूर्ण व्यापकतालाई ध्यानमा राख्दै, र महिला जीवनका सबै क्षेत्रहरूमा लैङ्गिक हिंसा र महिला विरुद्ध हुने भेदभाव, विशेष गरी महिला विरुद्ध हुने अन्तरविविधताको विभेदहरुको स्वरुपहरुसहित, सम्बोधन गर्ने ठोस समानताको मोडेल समावेश गर्न समिति सिफारिस गर्दछ, विशेषत:**

**क. सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा स्वतन्त्र, निष्पक्ष र सक्षम सदस्यहरू नियुक्त गर्न पारदर्शी र विश्वसनीय प्रक्रिया सुनिश्चित गर्ने, र प्रभावित समुदायको विविधतालाई प्रतिबिम्बित गर्न विपन्न र सीमान्तकृत समूहका महिलाहरू सहित महिलाहरूको समान प्रतिनिधित्व सुनिश्चित गर्ने;**

**ख. आधारभूत सिद्धान्तहरू र घोर पीडितहरूको लागि उपचार र क्षतिपूर्तिको अधिकार सम्बन्धी दिशानिर्देशहरू, अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको उल्लङ्घन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घनहरूको मर्मानुसार सशस्त्र द्वन्द्वका पीडित महिला र किशोरीहरूको लागि पूर्ण र प्रभावकारी क्षतिपूर्तिमा पहुँच सुनिश्चित गर्ने;**

**ग. महिला र शान्ति तथा सुरक्षासँग सम्बन्धित सबै प्रक्रियाहरूमा, विशेष गरी सम्बन्धित राष्ट्रिय कार्ययोजनाहरूको अपनाउने, कार्यान्वयन गर्ने र मूल्याङ्कन गर्ने सम्बन्धमा, महिलाहरूको अर्थपूर्ण र समावेशी सहभागिता सुनिश्चित गर्ने।**

**महिलाको उन्नतिका लागि राष्ट्रिय संयन्त्र**

१६. समितिले सन् २०२३ मा राष्ट्रिय लैङ्गिक समानता नीति कार्यान्वयनको लागि राष्ट्रिय योजना अपनाएको र सन् २०२१ मा राष्ट्रिय महिला आयोगमा आयुक्तहरूको नियुक्तिलाई ध्यानमा राखेको छ । यद्यपि, यसले देहायका सवालहरु उपर चासो व्यक्त गरेको छ :

क. राष्ट्रिय लैङ्गिक समानता नीति, लैङ्गिक-उत्तरदायी बजेटको प्रयोग र सबै सरकारी विभागहरूमा अन्तरविविधताको दृष्टिकोणको साथ लैङ्गिक मूलप्रवाहीकरणको प्रभावकारी रूपमा कार्यान्वयन गर्न गरिएका उपायहरूको बारेमा जानकारीको अभाव;

ख. राष्ट्रिय महिला आयोगसँग विशेष गरी दुर्गम र ग्रामीण क्षेत्रहरूमा गुनासोहरूको सम्बोधन सहित आफ्नो कार्यादेश प्रभावकारी रूपमा निर्वाह गर्न आवश्यक स्रोतहरूको अभाव छ ।

**१७. यस समिति पक्षराष्ट्रलाई देहायअनुसारका सिफारिसहरु गर्दछ:**

**क. राष्ट्रिय लैङ्गिक समानता नीति र यसको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि पर्याप्त मानवीय, प्राविधिक र वित्तीय स्रोतहरू विनियोजन गर्ने, र नियमित रूपमा तिनीहरूको प्रभावको अनुगमन र मूल्याङ्कन गर्ने;**

**ख. प्रदेशहरुमा कार्यालयहरू स्थापना गर्दै राष्ट्रिय महिला आयोगको कार्यादेशलाई अझ सुदृढ पार्ने, महिला र लैङ्गिक समानताको उन्नतिको लागि सबै सार्वजनिक नीति र रणनीतिहरू समन्वय गर्न पर्याप्त मानवीय, प्राविधिक र वित्तीय स्रोतहरू प्रदान गर्ने, राष्ट्रिय महिला आयोग र स्थानीय अधिकारीहरू, साथै नागरिक समाज, विशेष गरी महिला अधिकारका संस्थाहरू बीच, सहकार्य बढाइ लैङ्गिक उत्तरदायी बजेट मार्फत, र लैङ्गिक समानताको रूपरेखालाई सुदृढ पार्ने;**

**ग. पिछडिएका समूहहरुमा लक्षित सार्वजनिक समानता र गैर-भेदभाव नीतिहरूको परिभाषा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा अपाङ्गता, आदिवासी वा दलितको स्थिति, यौन झुकाव, लैङ्गिक पहिचान र आप्रवासी स्थिति जस्ता पहिचानका लागि महिलाहरूको फरक अवस्थाहरूमा आधारित लैङ्गिक र विविधताको लागि अन्तरविविधताको दृष्टिकोण अवलम्बन गर्ने ।**

**राष्ट्रिय मानवअधिकार संस्था**

१८. समितिले नेपालको राष्ट्रिय मानव अधिकार आयोगलाई सन् २०२३ मा राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्व सञ्जाल (ग्लोवल एलायन्स) द्वारा "क" श्रेणीको साथ पुन: मान्यता प्रदान गरिएकोमा प्रशंसा गर्दै टिप्पणी गर्दछ । यद्यपि, समिति पक्षराष्ट्रद्वारा राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरूको सीमित कार्यान्वयन भएकोमा चासो व्यक्त गर्दछ ।

**१९. समिति राष्ट्रिय मानव अधिकार आयोगलाई आफ्नो कार्यादेश प्रभावकारी रूपमा, स्वतन्त्र रूपमा र मानव अधिकारको प्रवर्द्धन र संरक्षणको लागि राष्ट्रिय संस्थाहरूको स्थितिसँग सम्बन्धित सिद्धान्तहरू (पेरिस सिद्धान्तहरू) अनुपालनमा पर्याप्त मानवीय, प्राविधिक र वित्तीय स्रोतहरू प्रदान गर्ने राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्व सञ्जालको सिफारिसहरू लागू गर्न पक्षराष्ट्रलाई सिफारिस गर्दछ। यसले पक्षराष्ट्रलाई राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसहरूको अनुगमन गर्न र त्यस सम्बन्धमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयबाट प्राविधिक सहायता खोज्न पनि सिफारिस गर्दछ।**

**अस्थायी विशेष उपायहरु**

२०. शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा प्रणालीमा महिलाहरूका लागि "विशेष अवसरहरू" सम्बन्धी संवैधानिक व्यवस्थाहरुको बाबजुद पनि, अस्थायी विशेष उपायहरू सम्बन्धी कुनै विशेष कानून अपनाइएको छैन र त्यस्ता "विशेष अवसरहरू" को प्रयोग "सामाजिक वा सांस्कृतिक रूपमा पछाडि परेका महिलाहरू" मा मात्र सीमित छ भन्ने प्रति समिति चासो व्यक्त गर्दछ। समिति विशेषगरी देहायका सवालहरुप्रति चासो राख्दछ :

क. सबै क्षेत्रहरूमा, विशेष गरी राजनीतिक र सार्वजनिक जीवनमा निर्णायक तहहरुमा, यी उपायहरूको विकास र कार्यान्वयनमा, आदिवासी महिला, अपाङ्गता भएका महिला, दलित महिला, धार्मिक अल्पसंख्यक समुदायका महिला, आप्रवासी महिला र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरु लगायत विपन्न समूहहरूका महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अस्थायी विशेष उपायहरू र पर्याप्त संयन्त्रहरूको अभाव;

ख. महिला र पुरुषको वास्तविक समानता प्राप्त गर्नका लागि अस्थायी विशेष उपायहरूको प्रभाव, विशेष गरी रोजगारी र राजनीतिक जीवनमा, खण्डिकृत तथ्याङ्कको अभाव।

**२१. महासन्धिको धारा ४ (१) र समितिको सामान्य सिफारिस नम्बर २५ (२००४) अनुरूप, समितिले आफ्नो अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/6, अनुच्छेद १७) दोहोर्याउँछ र समिति पक्षराष्ट्रलाई देहायको सिफारिस गर्दछ :**

**क. विशेष अवसर ऐनको मस्यौदालाई छिटो पारित गर्ने र राजनीतिक तथा सार्वजनिक जीवनमा महिलाहरूका लागि अस्थायी विशेष उपायहरू लागू गर्न निर्वाचन आचारसंहिता संशोधन गर्ने, जस्तै महिलाहरूको लागि समानता कोटा निर्वाचित र नियुक्त निकायहरूमा प्रतिनिधित्व, पहुँच र समर्थन कार्यक्रमहरू, र महिला उम्मेदवारहरूको प्राथमिकता भर्ती र पदोन्नति;**

**ख. विशेष गरी आदिवासी महिला, अपाङ्गता भएका महिला, दलित महिला, धार्मिक अल्पसंख्यक समुदायका महिला, आप्रवासी महिला र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरूको सन्दर्भमा अस्थायी विशेष उपायहरू तर्जुमा गर्दा अन्तरविविधताको भेदभावको सामना गरिरहेका सबै महिला र किशोरीहरूको विशेष आवश्यकताहरू पहिचान गर्ने, र यी उपायहरूको प्रभावकारिताको नियमित रूपमा मूल्याङ्कन गर्न संयन्त्रहरू स्थापना गर्ने;**

**ग. अस्थायी विशेष उपायहरूको प्रभावको बारेमा व्यवस्थित रूपमा तथ्याङ्क सङ्कलन गर्ने र त्यस्तो तथ्याङ्कलाई यसको अर्को आवधिक प्रतिवेदनमा समावेश गर्ने।**

**लैङ्गिक रुढिवादी धारणाहरु**

२२. समिति देहायका सवालहरुप्रति टिप्पणी सहित चासो व्यक्त गर्दछ:

क. परिवार र समाजमा महिला र पुरुषहरूको भूमिका र जिम्मेवारीहरू, मिडियामा लगायत, महिलाहरूलाई मुख्यतया आमा र हेरचाहकर्ताको रूपमा विचार गर्ने सम्बन्धमा पितृसत्तात्मक प्रवृत्ति र लैङ्गिक रुढीवादी धारणाको निरन्तरता रहेको छ;

ख. सन् २०२१ मा भेदभावपूर्ण लिंग चयन विरुद्धको राष्ट्रिय रणनीति अपनाइएता पनि परिवार र समाजभित्र छोरालाई प्राथमिकताको व्यापकता र पुरुषहरूको तुलनामा महिलाहरूलाई अधीनस्थ स्थितिको श्रेय, अपेक्षाकृत उच्च संख्यामा लिङ्ग-छनोट गर्भपतन र महिलाहरूमाथि बलियो सामाजिक दबाबले प्रतिबिम्बित र स्थिर रहेको छ ;

ग. भेदभावपूर्ण लैङ्गिक रूढीवादी धारणाहरूलाई सम्बोधन गर्न बृहत् रणनीतिको अभाव र मिडियाकर्मीहरु र सार्वजनिक अधिकारीहरूको लागि लैङ्गिक-संवेदनशील भाषाको प्रयोगमा क्षमता निर्माणको अभाव रहेको छ।

**२३. समिति पक्षराष्ट्रलाई देहायका सिफारिसहरु गर्दछ:**

**क. लिङ्ग-छनोटात्मक गर्भपतनलाई उन्मूलन गर्नका लागि विभेदपूर्ण लिङ्ग छनोटको अन्त्यका लागि राष्ट्रिय रणनीति (२०२१) लागू गर्ने, लिंग-छनोटात्मक गर्भपतन गराउन दबाबमा परेका महिलाहरूका लागि हेल्पलाइनहरू सहित सेवाहरू स्थापना गर्ने, र घरेलु र बाल हेरचाह जिम्मेवारीहरूको समान साझेदारी, साथै जिम्मेवार पितृत्वलाई प्रवर्द्धन गर्न सचेतना अभिवृद्धि र पितृत्व वा साझा अभिभावकीय बिदा सहित लक्षित उपायहरू अवलम्बन गर्ने;**

**ख. परिवार र समाजमा महिला र पुरुषहरूको भूमिका र जिम्मेवारीहरूको बारेमा भेदभावपूर्ण रुढिवादी धारणाहरु हटाउन समुदाय र धार्मिक नेताहरू, शिक्षकहरू, किशोरीहरू र किशोरहरू, र महिला र पुरुषहरूलाई लक्षित गर्दै अनलाइन डोमेन सहितको व्यापक रणनीति विकास र कार्यान्वयन गर्ने, र रणनीतिक हस्तक्षेपहरूको प्रभावलाई व्यवस्थित रूपमा मापन गर्न लक्ष्य र सूचकहरूको सेट विकास र परिचय गराउने;**

ग. **सम्बन्धित सार्वजनिक अधिकारीहरू र मिडिया, साथै निजी क्षेत्रका प्रतिनिधिहरूलाई क्षमता अभिवृद्धि प्रदान गर्ने ताकि उनीहरूलाई लैङ्गिक-उत्तरदायी भाषा मार्फत भेदभावपूर्ण लैङ्गिक रुढीवादी दृष्ट्रिकोणहरुलाई सम्बोधन गर्न र विकासका सक्रिय चालकहरूको रूपमा मिडियामा महिलाहरूको सकारात्मक चित्रणलाई प्रवर्द्धन गर्न सक्षम बनाउनुपर्ने।**

**हानीकारक अभ्यास**

२४. छाउपडी (महिला र केटीहरूको महिनावारीको समयमा छुट्याउने), दाइजो, बोक्सीको आरोप, जातीय भेदभाव र बालविवाह जस्ता हानिकारक प्रथाहरूलाई स्पष्ट रूपमा अपराधीकरण गरिए पनि, धेरै समुदायहरूमा महिला मानव अधिकारको उल्लंघन जारी रहेको प्रति समिति चासो व्यक्त गर्दछ।

२५. **महिला विरुद्धको भेदभाव उन्मूलन समितिको संयुक्त सामान्य सिफारिस नम्बर ३१/बाल अधिकार सम्बन्धी समिति (२०१९) को हानिकारक अभ्यासहरू सम्बन्धी सामान्य टिप्पणी नम्बर १८ र समितिको अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/6, अनुच्छेद १९) लाई पुनःस्मरण गर्दै, समितिले पक्षराष्ट्रलाई छाउपडी, बाल र/वा जबरजस्ती विवाह, जातीय भेदभाव, दाइजो, बहुविवाह र बोक्सीको आरोपहरु लगायतका हानिकारक अभ्यासहरूलाई निषेध गर्ने राष्ट्रिय कानूनलाई प्रभावकारी रूपमा लागू गर्न र ती अभ्यासहरूले महिला तथा किशोरीहरूले आफ्नो मानव अधिकारको उपभोगमा पार्ने नकारात्मक प्रभावको बारेमा जनचेतना अभिवृद्धि र शिक्षा कार्यक्रमहरूलाई सुदृढ पार्न परम्परागत र धार्मिक नेताहरू र हानिकारक अभ्यासहरू प्रचलित क्षेत्रहरूलाई लक्षित गर्दै सिफारिस गर्दछ।**

**महिला विरुद्ध हुने लिङ्गमा आधारित हिंसा**

२६. समिति पक्षराष्ट्रमा भएको घरेलु हिंसाको उच्च घटनाप्रति चिन्ता व्यक्त गर्दछ, र हिंसा भोगेका ७२ प्रतिशत महिलाहरूले यस्तो हिंसालाई वैधानिक बनाउने भेदभावपूर्ण सामाजिक मान्यताहरू र उनीहरूको अधिकार र उपलब्ध उपचार र विशेष सेवाहरूको बारेमा जागरूकताको अभावका कारण कहिल्यै पनि मद्दत खोजेका छैनन्। समिति देहायका सवालहरुप्रति थप चासो व्यक्त गर्दछ:

क. महिला विरुद्ध हुने सबै प्रकारका लिङ्गमा आधारित हिंसालाई विशेष रूपमा अपराधीकरण गर्ने विस्तृत कानूनको अभाव, जसमा मनोवैज्ञानिक हिंसा, प्रविधि-सहज हिंसा र जलवायु उत्प्रेरित हिंसा, र ग्रामीण महिला, वृद्ध महिला, अपाङ्गता भएका महिला र किशोरीहरू, आदिवासी महिला र किशोरीहरू, धार्मिक र जातीय अल्पसंख्यकका महिला र किशोरीहरू, आप्रवासी र शरणार्थी महिला र किशोरीहरू, समयौनिक महिला, द्विलिङ्गी,

पारलिङ्गी र अन्तरलिङ्गी महिला र यौनकर्मीहरू लगायत अन्तरविविधताको विभेदको सामना गरिरहेका महिला र किशोरीहरूको लागि लिङ्गमा आधारित हिंसाबाट अपर्याप्त संरक्षण;

ख. महिला र किशोरीहरूले भोगिरहेको उच्च स्तरको प्रविधि-सहयोगी हिंसा, जस्तै सामाजिक सञ्जालमा नक्कली प्रोफाइलहरू, नक्कली जानकारी र अनुपयुक्त तस्बिर र भिडियोहरूको हेरफेर, र साइबरबुलिङ र अनलाइन हिंसाका घटनाहरू रिपोर्ट गर्ने संयन्त्रको अभाव;

ग. हालको हदम्यादको विधानले बलात्कारका घटनाहरू रिपोर्ट गर्न दुई वर्षको धेरै छोटो अवधि प्रदान गर्दछ, जबकि नाबालिगहरूले बलात्कारको रिपोर्ट गर्न वयस्क भएको तीन वर्ष हुन्छ ।

**२७. महिला विरुद्धको लैङ्गिक हिंसा सम्बन्धी आफ्नो सामान्य सिफारिस नम्बर ३५ (२०१७) लाई पुनःस्मरण गर्दै, सामान्य सिफारिस नम्बर १९ लाई अद्यावधिक गर्दै, समिति पक्षराष्ट्रलाई देहायको सिफारिस गर्दछः**

**क. महिला र किशोरीहरू विरुद्ध हुने सबै प्रकारका लिङ्गमा आधारित हिंसालाई विशेष रूपमा अपराधीकरण गर्ने सुनिश्चित गर्न बृहत् कानूनको अबलम्बन गर्नुपर्ने, जसमा मनोवैज्ञानिक हिंसा, प्रविधि-सहयोगी हिंसा र जलवायु-प्रेरित हिंसा समावेश छ, ग्रामीण महिला, वृद्ध महिला, अपाङ्गता भएका महिला र किशोरीहरु, आदिवासी महिला र किशोरीहरू, धार्मिक र जातीय अल्पसंख्यकहरू, आप्रवासी र शरणार्थी महिलाहरू र किशोरीहरू, यौनकर्मीहरू, र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरू लगायत सीमान्तकृत समूहहरूको महिलाहरूको विशेष सुरक्षा आवश्यकताहरूलाई ध्यानमा राख्दै;**

**ख. राष्ट्रिय नियामक प्रक्रियाहरूको कार्यान्वयनलाई सुदृढ पार्नुपर्ने र साइबर आक्रमण, साइबर बुलिङ र साइबर ट्राफिकिंग (बेचबिखन), जसमा सिंथेटिक मिडिया, डीप फेक, डक्सिङ र अन्य नयाँ लैङ्गिक हिंसालाई सहज बनाउने प्रविधिहरू समावेश छन्, सामाजिक सञ्जाल प्लेटफर्महरूलाई प्रयोगकर्ता-उत्पन्न सामग्रीको लागि जवाफदेही बनाउन र अनलाइन हिंसाका दोषीहरूलाई र उत्पीडनलाई न्यायको कठघरामा ल्याउन संयन्त्रहरूको सुनिश्चित गर्दै पक्षराष्ट्रले साइबर अपराध विरुद्ध संयुक्त राष्ट्र महासन्धि (२०२४) अनुमोदन गर्नुपर्ने;**

**ग. लैङ्गिक हिंसाका पीडित महिला तथा बालिकाहरूका लागि विशेष सेवाहरूको उपलब्धता सुनिश्चित गर्ने, त्यस्ता सेवाहरू समावेशी, पहुँचयुक्त र ग्रामीण क्षेत्रमा उपलब्ध छन् भनी सुनिश्चित गर्ने;**

**घ. यौन हिंसाका घटनाहरू रिपोर्ट गर्नको लागि हदम्यादको विधान खारेज गर्नुपर्ने ।**

**महिला बेचबिखन र वेश्यावृत्तिको शोषण**

२८. समिति सन् २०२० मा संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय संगठित अपराध विरुद्धको महासन्धिको पूरक, विशेष गरी महिला र बालबालिकाको बेचबिखन रोक्न, दमन गर्न र सजाय दिन प्रोटोकलको पक्षराष्ट्रको अनुमोदनलाई स्वागत गर्दछ। समिति मानव बेचबिखन तथा यातायात (नियन्त्रण) ऐन लगायत राष्ट्रिय कानूनको निरन्तर समीक्षामा पक्षराष्ट्रले प्रदान गरेको जानकारी, जसले गर्दा यसको प्रावधानहरू प्रोटोकलसँग मिल्छ, लाई पनि ध्यानमा राख्दछ। यद्यपि, समिति देहायका सवालप्रति टिप्पणी सहित चासो व्यक्त गर्दछ:

क. बेचबिखनको कानुनी परिभाषाले बेचबिखनलाई यौन कार्यसँग मिसाउँछ, जसले यौनकर्मीहरूको अधिकारमा उल्लेखनीय रूपमा बाधा पुऱ्याउँछ;

ख. सर्वोच्च अदालतको बेचबिखन मुद्दाहरूको लागि द्रुतमार्ग निर्देशनको बाबजुद (२०१३), जिल्ला अदालतहरूले ९० दिन भित्र मुद्दाहरू सम्हाल्न असफल हुन्छन् र बेचबिखनका पीडितहरू अदालतमा उपस्थित नभएमा जरिवाना गर्न सकिन्छ;

ग. बेचबिखन सम्बन्धी राष्ट्रिय नीतिको मस्यौदा र बेचबिखन सम्बन्धी राष्ट्रिय कार्ययोजना अझै पनि अवलम्बन गरिएको छैन;

घ. महिला यौनकर्मीहरू विरुद्धको भेदभाव र वेश्यावृत्ति छोड्न चाहने महिला र किशोरीहरूका लागि सुरक्षित काम गर्ने अवस्था सुनिश्चित गर्न र वैकल्पिक आयका अवसरहरू सहित बाहिर निस्कने कार्यक्रमहरू प्रदान गर्न पक्षराष्ट्रद्वारा अपनाइएका उपायहरूको अभाव।

२९. **विश्वव्यापी बसाइँसराइको सन्दर्भमा महिला र बालिकाहरूको बेचबिखन सम्बन्धी आफ्नो सामान्य सिफारिस नम्बर ३८ (२०२०) लाई पुन:स्मरण गर्दै समिति पक्ष राष्ट्रलाई देहायका सिफारिसहरु गर्दछ:**

**क. मानव बेचबिखन तथा यातायात (नियन्त्रण) ऐन र मानव बेचबिखनका सबै रूपहरूलाई अपराधीकरण गर्न अन्य सान्दर्भिक राष्ट्रिय कानूनहरूमा संशोधन गर्नुपर्ने - मानव बेचबिखन आलेख अनुरूप, मानव बेचबिखनको परिभाषालाई अन्तर्राष्ट्रिय कानून अनुरूप ल्याउनुपर्ने र विश्वव्यापी आवधिक समीक्षाको चौँथो चक्र (A/HRC/47/10, अनुच्छेद १५९.९८) को समयमा पक्षराष्ट्रले गरेका प्रतिबद्धताहरू अनुरूप मानव बेचबिखनका सबै पक्षहरूलाई समावेश गर्नुपर्ने;**

**ख. बेचबिखनका पीडितहरूको प्रारम्भिक पहिचान र उपयुक्त सेवाहरूमा सिफारिस सुनिश्चित गर्न मानक सञ्चालन प्रक्रियाहरू अपनाउने, र अदालतमा उपस्थित नभएमा बेचबिखनका पीडितहरूलाई जरिवाना गर्न अनुमति दिने प्रावधान हटाउनुपर्ने;**

**ग. बेचबिखन सम्बन्धी राष्ट्रिय नीतिको मस्यौदा र बेचबिखन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको अवलम्बनलाई तीव्रता दिनुपर्ने;**

**घ. वेश्यावृत्तिमा संलग्न महिलाहरूको शोषणबाट निगरानी र कानुनी सुरक्षा सुनिश्चित गर्ने र वेश्यावृत्तिमा महिलाहरूलाई उत्पीडन र जबरजस्ती करणी गरेकोमा कानून प्रवर्तन अधिकारीहरूको अनुसन्धान, अभियोजन र सजाय लगायत यस्ता गतिविधिहरूमा संलग्न भएकोमा उनीहरूलाई अभियोजन नगरिने सुनिश्चित गर्ने बृहत् नीति, विधेयक र नियामक ढाँचाको निर्माणलाई तीव्र पार्नुपर्ने;**

**ङ. महिलाहरूको वस्तुकरणलाई सम्बोधन गर्न र वेश्यावृत्तिको माग घटाउन पुरुष र किशोरहरूलाई लक्षित गरी शैक्षिक र सचेतना अभिवृद्धि अभियानहरूलाई थप सशक्त बनाउनुपर्ने, र यौनकर्मीहरूको अधिकारको रक्षा गर्न आवश्यक उपायहरू अपनाउनुपर्ने, उनीहरूलाई सुरक्षित काम गर्ने अवस्था, शिक्षा र सामाजिक सुरक्षामा पर्याप्त पहुँच प्रदान गर्नुपर्ने, र यदि उनीहरूले वेश्यावृत्ति छोड्न चाहन्छन् भने वैकल्पिक आयआर्जनका अवसरहरू सहित बहिर्गमनका कार्यक्रमहरु समेत तय गर्नुपर्ने ।**

**राजनीतिक तथा सार्वजनिक जीवनमा निर्णय निर्माण प्रणालीमा समान र समावेशी सहभागिता**

३०. समिति २०२२ मा महिला नगरप्रमुख र गाउँपालिका अध्यक्ष महिलाहरूको संख्यामा वृद्धि भएको तथ्यलाई टिपोट गरेको छ । यद्यपि, समिति देहायका सवालहरुप्रति चासो व्यक्त गर्दछ:

क. संघीय संसदका सदस्यहरूमा महिलाहरूको प्रतिनिधित्व केवल ३३.४५ प्रतिशत र कूटनीतिक सेवाका सदस्यहरूमा २३.२९ प्रतिशत मात्र छ, र ३३ राजदूतहरूमध्ये केवल ५ जना मात्र महिला छन्;

ख. सार्वजनिक सेवामा, कम्पनीहरूको निर्देशक बोर्डमा र व्यवस्थापन पदहरूमा महिलाहरूको न्यून प्रतिनिधित्व;

ग. महिला राजनीतिज्ञ र उम्मेदवारहरू, साथै महिला मतदाताहरूलाई लिङ्गवाद र विभेदबाट जोगाउने उपायहरूको अभाव, जसले राजनीतिक र सार्वजनिक जीवनमा उनीहरूको समान सहभागितामा बाधा पुऱ्याउँछ ।

३१. **राजनीतिक तथा सार्वजनिक जीवनमा महिलासम्बन्धी आफ्नो सामान्य सिफारिस नम्बर २३ (१९९७) र निर्णय निर्माण प्रणालीमा महिलाको समान र समावेशी प्रतिनिधित्वसम्बन्धी सामान्य सिफारिस नम्बर ४० (२०२४) लाई पुन:स्मरण गर्दै, समितिले पक्षराष्ट्रलाई निर्णय निर्माण प्रणालीमा महिलाको प्रतिनिधित्वको लक्ष्य ३० बाट ५० प्रतिशतमा बढाउन, र –**

**क. राजनीतिक तथा सार्वजनिक जीवनमा निर्णायक पदहरूमा महिलाहरूको समान र समावेशी प्रतिनिधित्वमा दिगो रूपमा अवरोधहरू पार गर्न र समानतामा पुग्नको लागि बृहत् रणनीतिलाई प्राथमिकताका रूपमा लागू गर्ने, र महासन्धिको धारा ४ (१) र अस्थायी विशेष उपायहरूमा सामान्य सिफारिस नम्बर २५ (२००४) जस्तै राजनीतिक**

**दलहरूको निर्वाचन सूचीमा महिला र पुरुष उम्मेदवारहरूको लागि समान पद सुनिश्चित गर्न, महिला उम्मेदवारहरूको लागि लक्षित वित्तपोषण अभियान, र सरकारको सबै तहमा, साथै न्यायपालिका, सार्वजनिक सेवा, वैदेशिक सेवा, शैक्षिक क्षेत्र र अन्तर्राष्ट्रिय संस्थाहरूमा, विशेष गरी निर्णय लिने स्तरहरूमा महिला र पुरुषहरूको समानतामा पुग्न कोटा बढाइएको छ;**

**ख. महिला राजनीतिज्ञ र उम्मेदवारहरूलाई राजनीतिक अभियान, नेतृत्व र वार्ताका सीपहरूमा वित्तपोषणसहितको अभियान र क्षमता-निर्माण प्रदान गर्ने र मिडियासँगको सहकार्यमा राजनीतिज्ञ, धार्मिक र सामुदायिक नेताहरू र आम जनतामा राजनीतिक स्थिरता र दिगो विकास हासिल गर्न आवश्यकताको रूपमा राजनीतिक र सार्वजनिक जीवनमा पुरुषहरूसँगै महिलाहरूको पूर्ण, स्वतन्त्र र लोकतान्त्रिक सहभागिताको महत्त्वमा जागरूकता जगाउने;**

**ग. राजनीतिक साक्षरता बढाउने र निजी क्षेत्रमा व्यवस्थापन पदहरूमा महिलाहरूलाई तालिम प्रदान गर्ने, रोजगारदाताहरू र प्रबन्धकहरूमाझ नेतृत्व पदहरूमा महिलाको समान प्रतिनिधित्वको महत्त्वबारे जागरूकता बढाउने र सार्वजनिक तथा नीजि सूचीबद्ध कम्पनीहरूलाई बोर्ड र नेतृत्व पदहरूमा महिलाहरूको संख्या बढाउन प्रोत्साहन प्रदान गर्ने;**

**घ. न्यायपालिका, सार्वजनिक सेवा र वैदेशिक सेवा, कूटनीतिक नियोगहरू सहित, महिलाहरूलाई प्राथमिकतामा राख्ने र अन्तर्राष्ट्रिय संस्थाहरूमा आवेदन दिने महिला उम्मेदवारहरूलाई सहयोग गर्ने।**

## महिला मानवअधिकार रक्षकहरु

३२. समिति गृह मन्त्रालयले २०२१ मा मानव अधिकार कार्यकर्ताहरूको सुरक्षा र संरक्षण सम्बन्धी जारी गरेको आदेशको प्रशंसा गर्दछ। यद्यपि, डिजिटल मिडिया लगायत नीजि र सार्वजनिक वृत्तहरूमा समुदाय र राष्ट्रिय स्तरमा काम गर्ने महिला मानव अधिकार रक्षकहरूले विचार, अभिव्यक्ति, संघ र भेला हुने स्वतन्त्रताको अधिकारमा प्रतिबन्धको सामना गर्नुका साथै डिजिटल निगरानीमा वृद्धि भएको रिपोर्टहरूप्रति यो समिति चासो व्यक्त गर्दछ।

**३३. समिति पक्षराष्ट्रलाई देहायका सिफारिसहरु गर्दछ:**

**क. महिला मानव अधिकार रक्षकहरूले स्वतन्त्र रूपमा महिला मानव अधिकारको लागि आफ्नो वकालत गर्न र अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला र संघको अधिकार प्रयोग गर्न सक्नेछन् भन्ने कुरा सुनिश्चित गर्नुपर्ने। उत्पीडन, निगरानी वा अनुचित प्रतिबन्धहरू, मनमानी गिरफ्तारी र मनमानी अभियोजन सहित, जब उनीहरूले समितिसँग संलग्न भएको वा संलग्न हुन खोजेको बेला पनि;**

**ख. महिला विरुद्ध हुने उत्पीडन, धम्की, प्रतिशोध, लिङ्गमा आधारित हिंसा र भेदभावका सबै कार्यहरूको अनुसन्धान र अभियोजन गर्ने, अनलाइन सहित मानवअधिकार रक्षकहरूले उनीहरूको स्वतन्त्रता र व्यक्तिको सुरक्षाको अधिकार सुनिश्चित गर्ने, र पीडितहरूलाई उपचार र क्षतिपूर्ति प्रदान गर्ने ।**

**राष्ट्रियता**

३४. समितिले जनवरी २०२५ मा सरकारलाई पेश गरिएको नागरिकता विधेयकमा राज्य पक्षको प्रतिनिधिमण्डलले प्रदान गरेको जानकारीलाई टिप्पणी गरेको छ । यद्यपि, समिति देहायका सवालप्रति चासो व्यक्त गर्दछ :

क. संविधानको धारा ११ (२), (५) र (७) ले नेपाली आमाका तीन वर्गहरू पहिचान गर्दछ र यदि बुबा अज्ञात छन् भने महिलाहरूले स्व-घोषणा गर्नुपर्ने आवश्यकता छ, झूटो स्व-घोषणाको मामिलामा दण्डको व्यवस्था छ, र विवाह मार्फत र आफ्ना बच्चाहरूलाई नागरिकता हस्तान्तरण गर्ने उनीहरूको क्षमता सीमित छ, जसले गर्दा बच्चाहरू जन्मँदा राज्यविहीन हुन सक्छन्, जबकि नेपाली बुबाहरूले कुनै विशेष आवश्यकताहरू बिना आफ्ना बच्चाहरू र विदेशी पति/पत्नीहरूलाई आफ्नो नागरिकता प्रदान गर्न सक्छन्;

ख. राष्ट्रिय परिचयपत्र तथा नागरिक दर्ता ऐन (२०२०) र राष्ट्रिय परिचयपत्र तथा नागरिक दर्ता नियमावली (२०२१) लागू भए तापनि, आमा वा बुबाद्वारा जन्म दर्ता गर्न अनुमति दिइए पनि, व्यवहारमा, यदि बुबा हराएको वा पहिचान नभएको खण्डमा जन्म प्रमाणपत्र प्रायः जारी गरिँदैन, जसले गर्दा बालबालिकाको राज्यविहीनताको जोखिम बढ्छ;

ग. सन् २०२१ को जनगणना अनुसार, ५ वर्ष मुनिका २६ प्रतिशत बालबालिकाहरूसँग जन्मदर्ता छैन, र यौनकर्मीहरू, तिब्बती लामो समयदेखि बसोबास गर्ने आप्रवासी महिलाहरू, भुटानी शरणार्थी महिलाहरू र नेपाली महिलाहरू शरणार्थीहरूसँग विवाह गरेका जस्ता विशिष्ट समूहका महिलाहरूसँग पहिचानजनित कागजातहरूमा सीमित पहुँच छ, जसले तिनीहरूको सामाजिक बहिष्कार र गरिबीलाई बढावा दिन्छ ।

**३५. महिलाहरूको शरणार्थी स्थिति, शरण, राष्ट्रियता र राज्यविहीनताको लैङ्गिक-सम्बन्धित आयामहरू, र यसको अघिल्लो सिफारिस (CEDAW/C/NPL/CO/6, अनुच्छेद ३१) लाई सम्झँदै, समिति पक्षराष्ट्रलाई देहायका सिफारिसहरु गर्दछ:**

**क. नागरिकता विधेयक पारित गर्ने कामलाई तीव्रता दिनुपर्ने र यसले नेपाली महिला र उनीहरूका बालबालिका विरुद्ध हुने सबै प्रकारका भेदभावलाई सम्बोधन गर्ने कुरा सुनिश्चित गर्नुपर्ने;**

**ख. संविधानको धारा ११ (५) र ११ (७) खारेज गर्ने जसले नेपाली महिलाहरूलाई पुरुषसरह आफ्ना छोराछोरीलाई नागरिकता हस्तान्तरण गर्नबाट रोक लगाउँछ, प्रत्येक अभिभावकको वंशजको आधारमा नागरिकता हस्तान्तरण गर्ने स्वतन्त्र अधिकारलाई मान्यता दिन्छ;**

**ग. राज्यविहीनता रोक्नको लागि संविधानको धारा ११ (३) संशोधन गरी जन्म दर्तालाई 'बुबा र आमा' भन्दा पनि 'बुबा वा आमा' ले गर्न पाउने व्यवस्था मिलाउनु पर्ने;**

**घ. नेपाली महिलाहरूलाई नेपाली पुरुषहरू सरह नै आफ्नो पति वा पत्नीलाई नागरिकता हस्तान्तरण गर्ने अधिकार सुनिश्चित गर्न संविधानको धारा ११ (६) संशोधन गर्नुपर्ने र नेपाली आमाहरूले आफ्नो पहिचान नभएका बाबु भएका छोराछोरीलाई नागरिकता हस्तान्तरण गर्न स्व-घोषणापत्र र दण्डको आवश्यकता हटाउनुपर्ने;**

**ङ. संविधान र राज्य पक्षको अन्तर्राष्ट्रिय मानव अधिकार दायित्वहरू अनुरूप, राज्यविहीन महिला, शरणार्थी, आप्रवासी महिला र महिला यौनकर्मीका बालबालिकाहरू सहित, आमाबाबुको कानुनी स्थितिलाई ध्यान नदिई सबै बालबालिकाहरूको लागि विश्वव्यापी जन्म दर्ता सुनिश्चित गर्नुपर्ने;**

**च. राज्यविहीन व्यक्तिहरूको स्थिति सम्बन्धी १९५४ को महासन्धि र राज्यविहीनता न्यूनीकरण सम्बन्धी १९६१ को महासन्धि अनुमोदन गर्ने ।**

### शिक्षा

३६. समितिले सन् २०२२/२०२३ – २०३१/२०३२ को लागि दश वर्षे विद्यालय शिक्षा योजना अपनाएकोमा प्रशंसाका साथ टिप्पणी गर्दछ, जसले विद्यालय पाठ्यक्रममा लैङ्गिक समानतालाई प्राथमिकता दिन्छ । यद्यपि, यसले देहायका सवालहरु उपर चासो व्यक्त गर्दछ :

क. अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन (२०१८) र विद्यालय शिक्षा क्षेत्रगत योजनाको कार्यान्वयनमा स्थानीय सरकारहरूको संस्थागत क्षमताको अभाव;

ख. शिक्षामा बालिकाहरू, विशेष गरी मधेश प्रदेशमा, कम उमेरमा गर्भावस्था, बालविवाह र अपाङ्गता भएका बालिकाहरू विरुद्धको भेदभावका कारणले गर्दा शिक्षा छोड्ने घटनाहरू;

ग. शिक्षामा अपाङ्गता भएका महिला र बालिकाहरू विरुद्ध भेदभाव;

घ. विद्यालयहरूमा मर्यादित महिनावारी सम्बन्धी विद्यमान दिशानिर्देशहरूको बावजुद, विद्यार्थीहरूमा परिवार नियोजन, जिम्मेवार यौन व्यवहार र यौनजन्य रोगहरूको रोकथामको बारेमा ज्ञानको अभाव छ ।

**३७. बालिका र महिलाको शिक्षाको अधिकार सम्बन्धी आफ्नो सामान्य सिफारिस नम्बर ३६ (२०१७) लाई पुन:स्मरण गर्दै, समितिले पक्षराष्ट्रलाई बालिका शिक्षाको महत्वको बारेमा जागरूकता जगाउन सिफारिस गर्दछ, र:**

**क. स्थानीय सरकारहरूको संस्थागत क्षमतालाई सुदृढ पार्नुपर्ने र अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन (२०१८) को प्रभावकारी कार्यान्वयन र विभेदका अन्तरविविधताका स्वरुपहरुको सामना गरिरहेका बालिकाहरूमा विशेष ध्यान दिंदै २०२२–२०३२ को लागि विद्यालय शिक्षा क्षेत्रीय योजना सुनिश्चित गर्नुपर्ने;**

**क.** **बालविवाह र प्रारम्भिक गर्भावस्था, साथै लिङ्गको आधारमा भेदभाव सहित बालिकाहरूमा विद्यालय छोड्ने कारणहरूलाई सम्बोधन गर्ने, युवा आमाहरूले आफ्नो शिक्षा पूरा गर्ने, डिप्लोमा प्राप्त गर्ने र उच्च शिक्षा वा रोजगारीमा पहुँच प्राप्त गर्ने उद्देश्यले बच्चा जन्मेपछि स्कूल फर्कन सक्ने कुरा सुनिश्चित गर्ने, र पक्षराष्ट्रमा वैकल्पिक वितरण मोडहरू र वैकल्पिक सिकाइ प्रणालीहरूको प्रभावको बारेमा अर्को आवधिक प्रतिवेदनमा जानकारी प्रदान गर्ने;**

**ख.** **अपाङ्गता भएका सबै महिला र किशोरीहरूको गुणस्तरीय समावेशी शिक्षामा पहुँच सुनिश्चित गर्नुपर्ने र विद्यालयमा उनीहरूको टिकाइलाई प्रवर्द्धन गर्नुपर्ने, र अपाङ्गता भएका महिला र किशोरीहरू सहित महिला र किशोरीहरूलाई सुरक्षित र समावेशी शैक्षिक वातावरण प्रदान गर्ने भेदभाव, उत्पीडन र हिंसाबाट मुक्त राष्ट्रिय दुर्व्यवहार विरोधी नीति अपनाउनुपर्ने;**

**ग.** **शिक्षाका सबै तहमा मर्यादित महिनावारी सम्बन्धी निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयनलाई सुदृढ पार्नुपर्ने र विद्यालय पाठ्यक्रममा समावेश गर्नुपर्ने (i) महिलाको मानव अधिकार र महिला र बालिकाहरू विरुद्ध हुने लैङ्गिक हिंसाको हानिकारक प्रभावहरू सहित लैङ्गिक समानतामा समावेशी र पहुँचयुक्त सामग्री; (ii) उमेर उपयुक्त यौन शिक्षा, जिम्मेवार यौन व्यवहार र प्रारम्भिक गर्भावस्था र यौनजन्य रोगहरूको रोकथाममा विशेष ध्यान दिँदै; र (iii) मानव अधिकार र शान्ति शिक्षा;**

**घ.** **संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (१९६०) को शिक्षामा भेदभाव विरुद्धको महासन्धिलाई अनुमोदन गर्नुपर्ने।**

**रोजगार**

३८. समिति देहायका सवालहरु उपर चासो व्यक्त गर्दछ:

क. श्रम बजारमा निरन्तर तेर्सो र ठाडो पृथकीकरण र अनौपचारिक अर्थतन्त्रमा कम तलब भएका कामहरूमा महिलाहरूको एकाग्रता, जहाँ उनीहरू शोषण र व्यावसायिक स्वास्थ्य र सुरक्षा जोखिमहरूको सामना गर्छन्, र सामाजिक सुरक्षाबाट बहिष्कृत हुन्छन्;

ख. महिलाहरूमा बेतलबी हेरचाह कार्यको असमान बोझ, जसले उनीहरूको आर्थिक सहभागितामा बाधा पुर्‍याउँछ, र बुबाहरूद्वारा पितृत्व बिदाको सीमित प्रयोग;

ग. अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को समान पारिश्रमिक महासन्धि, १९५१ (नम्बर १००) को अनुमोदन भए पनि, समान मूल्यको कामको लागि समान ज्यालाको सिद्धान्तको सीमित कार्यान्वयन र पक्षराष्ट्रमा उल्लेखनीय लैङ्गिक ज्याला अन्तर;

घ. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन (२०१५) केवल औपचारिक क्षेत्रमा लागू हुन्छ र अनौपचारिक क्षेत्रलाई समावेश गर्दैन, जहाँ महिलाहरू केन्द्रित हुन्छन्, र प्रमुख जिल्ला अधिकारीहरूद्वारा यौन उत्पीडनको कुनै पनि घटना रेकर्ड गरिएको छैन, जो उजुरीहरू लिनका लागि सक्षम छन्;

५. डिजिटल अर्थतन्त्रमा अपाङ्गता भएका महिला र अन्य पिछडिएका समूहका महिलाहरूको विशेष आवश्यकताहरूलाई सम्बोधन गर्न चालिएका उपायहरूको अभाव।

**३९. समितिले २०३० सम्ममा पूर्ण र उत्पादनशील रोजगारी र युवा र अपाङ्गता भएका व्यक्तिहरू सहित सबै महिला र पुरुषहरूको लागि सम्मानजनक काम, र समान मूल्यको कामको लागि समान ज्याला प्राप्त गर्ने सम्बन्धमा समान मूल्यको कामको लागि समान पारिश्रमिक र दिगो विकास लक्ष्यहरूको लक्ष्य ८.५ सम्बन्धी आफ्नो सामान्य सिफारिस नम्बर १३ (१९८९) लाई पुन:स्मरण गर्दछ, र समिति पक्षराष्ट्रलाई देहायका सिफारिसहरु प्रदान गर्दछ:**

**क. परम्परागत रूपमा पुरुष-प्रधान पेशाहरू सहित, निर्णय लिने पदहरू र उच्च तलब भएका जागिरहरूमा महिलाहरूको पहुँचलाई प्रवर्द्धन गर्न लक्षित उपायहरू लिनुपर्ने, उदाहरणका लागि ती क्षेत्रहरूमा महिलाहरूको प्राथमिकतामा भर्तीको लागि प्रोत्साहन प्रदान गरेर;**

**ख. वृद्धवृद्धाहरूका लागि किफायती बाल हेरचाह सुविधा र हेरचाह सेवाहरू प्रदान गरेर महिलाहरूमा रहेको बेतलबी हेरचाह कार्यको बोझ पहिचान गर्नुपर्ने, घटाउनुपर्ने र पुनर्वितरण गर्नुपर्ने, र पारिवारिक व्यवसायमा कार्यरत महिलाहरूलाई पर्याप्त पारिश्रमिक र सामाजिक सुरक्षा योजनाहरूमा पहुँच सुनिश्चित गर्नुपर्ने;**

**ग. समान मूल्यको कामको लागि समान ज्यालाको सिद्धान्त लागू गर्नुपर्ने, नियमित रूपमा महिलाहरू केन्द्रित क्षेत्रहरूमा ज्यालाको समीक्षा गर्नुपर्ने र लैङ्गिक-तटस्थ विश्लेषणात्मक काम मार्फत लैङ्गिक तलब अन्तरलाई बन्द गर्न वर्गीकरण र मूल्याङ्कन विधिहरू र नियमित तलब सर्वेक्षणहरू जस्ता उपायहरू अपनाउनुपर्ने;**

**घ. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन (२०१५) लाई संशोधन गरी अनौपचारिक क्षेत्रमा यसको दायरा विस्तार गर्ने र यौन उत्पीडनबाट पीडित महिलाहरूलाई प्रभावकारी न्यायिक उपचार, विशेष गरी ग्रामीण र दुर्गम क्षेत्रहरूमा, नागरिक र दण्डनीय दुबैमा पहुँच सुनिश्चित गर्ने, उनीहरूको गुनासोहरूको प्रभावकारी रूपमा अनुसन्धान गर्ने, अपराधीहरूलाई अभियोजन गर्ने र पर्याप्त सजाय दिने र पीडितहरूलाई प्रतिशोधबाट सुरक्षित राख्ने, नियमित श्रम निरीक्षण गर्ने र ILO हिंसा तथा उत्पीडन महासन्धि, २०१९ (नम्बर १९०) लाई अनुमोदन गर्ने;**

**ङ. विशेष गरी डिजिटल अर्थतन्त्र जस्ता उदीयमान क्षेत्रहरूमा महिला र किशोरीहरू, अपाङ्गता भएका महिला र किशोरीहरू सहित, समान अवसरहरू सुनिश्चित गर्नुपर्ने।**

**महिला आप्रवासी कामदारहरू**

४०. समिति पक्षराष्ट्र आप्रवासी महिला र किशोरीहरूका लागि उत्पत्ति, ट्रान्जिट र गन्तव्यको देश हो र महिला र किशोरीहरू अन्तर्राष्ट्रिय रूपमा नेपालबाट आउने आप्रवासीहरूको ४३.८ प्रतिशत हुन् भनी टिपोट गर्दछ, र तपसिलका सवालहरुमा चासो व्यक्त गर्दछः

क. काम गर्ने अवस्था र शारीरिक, मनोवैज्ञानिक, मौखिक दुर्व्यवहार र यौन दुर्व्यवहारको आरोप, र दुर्व्यवहार गर्ने रोजगारदाताहरूले उपभोग गरेको दण्डहीनताको सम्बन्धमा महिला आप्रवासी कामदारहरू, विशेष गरी घरेलु महिला आप्रवासी कामदारहरू विरुद्ध भेदभावका असंख्य घटनाहरूको रिपोर्टहरू;

ख. विशेष गरी घरेलु काममा विदेशमा रोजगारी पहुँच गर्न महिलाहरूलाई लगाइएको उमेर हदबन्दी;

ग. महिला आप्रवासी कामदारहरूले प्रायः उच्च शुल्क तिर्नुपर्छ, जसले गर्दा उनीहरूलाई ऋण लिन बाध्य पारिन्छ, जसले गर्दा उनीहरू ऋण बन्धक, जबरजस्ती श्रम, शोषण र बेचबिखनको जोखिम बढ्छ;

घ. सन् २०१९ मा पीडित आप्रवासी कामदारहरूको लागि कल सेन्टर स्थापना भए तापनि, प्रस्थान पूर्व तालिम कार्यक्रमहरू सीमित छन्, जसले महिलाहरूलाई विभेदजन्य अभ्यासहरू र बेचबिखन र शोषणको जोखिममा पार्दछ;

ङ. कलंकको सामना गरिरहेका फर्केका महिलाहरूको लागि कार्यक्रमहरूको अभाव, जसले उनीहरूको पुनर्एकीकरण र भविष्यको रोजगारीको सम्भावनालाई कमजोर बनाउँछ।

**४१. समिति काम गर्ने मौलिक अधिकारको सम्मान गर्ने आवश्यकतालाई सम्झँदै र रोजगारीको स्वतन्त्र छनौट गर्ने, र दिगो विकासको लक्ष्य ८.८, श्रम अधिकारको संरक्षण र आप्रवासी कामदारहरू, विशेष गरी महिला आप्रवासीहरू, र अनिश्चित रोजगारीमा रहेकाहरू सहित सबै कामदारहरूको लागि सुरक्षित र सुरक्षित काम गर्ने वातावरणको प्रवर्द्धनमा, पक्षराष्ट्रलाई तपसिलका सिफारिसहरु गर्दछः**

**क. नेपाली महिला आप्रवासी कामदारहरू, जसमा महिला घरेलु कामदारहरू पनि पर्छन्, संलग्न गन्तव्य देशहरूसँग गरिएका सबै द्विपक्षीय सम्झौताहरूमा उनीहरूको मानव अधिकारको सबै उल्लङ्घनको अनुसन्धान र अभियोजन गर्न र पीडितहरूलाई क्षतिपूर्ति प्रदान गर्न प्रोटोकलहरू समावेश गरिएको सुनिश्चित गर्नुपर्ने;**

**ख. वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका, (२०१५) मा संशोधन गरी विदेशमा घरेलु कामदार खोज्ने महिलाहरूको लागि उमेर हद हटाउने र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप कामदारहरूको लागि न्यूनतम उमेर तोक्ने;**

**ग. नियुक्ति वा भर्ना अभ्यासहरूको अनुगमन गर्न, लागत घटाउन र महिला आप्रवासी कामदारहरूको लागि सुरक्षित अवस्था सुनिश्चित गर्न, उनीहरूलाई उपलब्ध उपचारहरूको बारेमा जानकारी फैलाउन, र यस्ता उपचारहरूमा पहुँच पुर्याउन लैङ्गिक**

**र अन्तरविविधताका अवरोधहरूलाई सम्बोधन गर्न सरकारी निकायहरू, नागरिक समाज र ट्रेड युनियनहरूबीच समन्वय बढाउने;**

**घ. बेचबिखनको जोखिम बारे जागरूकता अभियान सञ्चालन गर्ने र आप्रवासी महिला तथा बालिकाहरूलाई नि:शुल्क कानुनी सहायता, हटलाइन र प्रस्थान पूर्व जानकारीमा पहुँच प्रदान गर्ने;**

**ङ. फर्कने महिला आप्रवासी कामदारहरूको पुनर्एकीकरणलाई सहज बनाउन लैङ्गिक-उत्तरदायी सहयोग प्रदान गर्नुपर्ने ।**

**स्वास्थ्य**

४२. समिति तपसिलका सवालहरु उपर चासो व्यक्त गर्दछ:

क. मातृ मृत्युदरको उच्च दर (२०२३ मा प्रति १००,००० जीवित जन्ममा १५१ मृत्यु) र पक्षराष्ट्रमा, विशेष गरी ग्रामीण र दुर्गम क्षेत्रहरूमा, प्रसवपूर्व र प्रसवोत्तर स्वास्थ्य सेवाहरूमा महिलाहरूको सीमित पहुँच;

ख. यौन तथा प्रजनन स्वास्थ्यको बारेमा उमेर-उपयुक्त शिक्षाको अभाव, र किफायती महिनावारी स्वच्छता उत्पादनहरू, गर्भनिरोधकहरू, परिवार नियोजन सेवाहरू, स्त्री रोग सेवाहरू, मानसिक स्वास्थ्य सेवाहरूमा सीमित पहुँच, आत्महत्या रोकथाम, र गैर-आकस्मिक चिकित्सा सेवा सहित, विशेष गरी ग्रामीण महिलाहरूको लागि, आदिवासी महिलाहरू, अपाङ्गता भएका महिलाहरू, यौनकर्मीहरू र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरू;

ग. पक्षराष्ट्रमा गर्भपतनलाई वैधानिकता दिइए पनि, पक्षराष्ट्रभरी गर्भपतन सेवाहरूको सीमित उपलब्धता र गुणस्तर, प्रशिक्षित कर्मचारीहरूको अभाव, अपर्याप्त पूर्वाधार, उपलब्ध सेवाहरूको बारेमा महिलाहरूको चेतनाको कमी र कलंकका कारण सुरक्षित गर्भपतन सेवाहरू पूर्ण रूपमा पहुँचयुक्त छैनन्;

घ. विशेष गरी युवतीहरू, आदिवासी महिलाहरू, अपाङ्गता भएका महिलाहरू, महिला यौनकर्मीहरू र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरू विरुद्ध भेदभाव, दुर्व्यवहार, अपमानपूर्ण व्यवहार र प्रसूति हिंसाका रिपोर्टहरू;

ङ. एन्टीरेट्रोभाइरल उपचारमा सीमित पहुँच र एचआईभी/एड्स भएका महिला र किशोरीहरूको कलंक र सामाजिक बहिष्कार;

च. युवतीहरु सहित अन्तरलिङ्गी बालबालिका र अपाङ्गता भएका किशोरीहरूमा गरिएको चिकित्सकीय रूपमा अनावश्यक र अपरिवर्तनीय शल्यक्रिया र उपचारका रिपोर्ट गरिएका घटनाहरू ।

४३. समिति महिला र स्वास्थ्य र दिगो विकास लक्ष्यहरूको लक्ष्य ३.७ मा रहेको यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूमा विश्वव्यापी पहुँच सम्बन्धी आफ्नो सामान्य सिफारिस नम्बर २४ (१९९९) लाई पुन:स्मरण गर्दछ र पक्षराष्ट्रलाई देहायका सिफारिसहरु गर्दछ:

क. मातृ मृत्युदरको उच्च दर घटाउन पर्याप्त प्रसवपूर्व, प्रसवपूर्व र प्रसवोत्तर, विशेष गरी ग्रामीण क्षेत्रहरूमा सुँडेनी र अन्य सम्बन्धित स्वास्थ्यकर्मीहरूलाई तालिम दिएर, स्वास्थ्य सेवाहरूमा महिलाहरूको पहुँच सुधार गर्नुपर्ने;

ख. ग्रामीण महिला तथा बालिकाहरू, अविवाहित महिलाहरू, र अपाङ्गता भएका महिला तथा बालिकाहरू लगायत महिला तथा बालिकाहरूको परिवार नियोजन, गर्भनिरोधका आधुनिक उपकरणहरु, र सुरक्षित गर्भपतन र गर्भपतनपछिको सेवाहरू लगायत यौन तथा प्रजनन स्वास्थ्य सेवा र जानकारीमा पर्याप्त पहुँच सुनिश्चित गर्नुपर्ने;

ग. विशेष गरी ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा, जातीय अल्पसंख्यक, अपाङ्गता भएका, ग्रामीण महिला तथा किशोरीहरू, यौनकर्मी र र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरू सहित सबै महिला तथा किशोरीहरूको आत्महत्या रोकथाम कार्यक्रमहरू सहित मानसिक स्वास्थ्य सेवाहरू, र यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू र जानकारी, आधुनिक तथा आपतकालीन गर्भनिरोधक र महिनावारी स्वच्छता उत्पादनहरू सहित पर्याप्त पहुँच सुनिश्चित गर्नुपर्ने;

घ. गर्भवती महिलाहरूलाई प्रसवको समयमा सुरक्षा प्रदान गर्ने कानुनी र नीतिगत उपायहरू अपनाउने, महिला तथा बालिकाहरू विरुद्ध हुने प्रसूति हिंसा र भेदभावलाई दण्डित गर्ने, चिकित्सा व्यवसायीहरूको लागि क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई सुदृढ पार्ने र स्वास्थ्य सेवा केन्द्रहरू र अस्पतालहरूमा महिला बिरामीहरूको उपचारको नियमित अनुगमन सुनिश्चित गर्ने;

ङ. आमाबाट बच्चामा सर्ने रोग रोक्न र एचआईभी/एड्स प्रभावित महिला तथा बालिकाहरूको कलंक र सामाजिक बहिष्कारलाई सम्बोधन गर्न गर्भवती महिलाहरू सहित एचआईभी/एड्स प्रभावित सबै महिला तथा बालिकाहरूलाई नि:शुल्क एन्टीरेट्रोभाइरल उपचार प्रदान गर्ने;

च. अन्तरलिङ्गी बालबालिकाहरू, बालिकाहरू सहित, र अपाङ्गता भएका बालिकाहरूमा आवश्यकता नपर्ने चिकित्सा वा शल्यक्रिया हस्तक्षेपहरू निषेध गर्नुपर्ने, जबसम्म उनीहरू आफै निर्णय लिन र उनीहरूको स्वतन्त्र, पूर्व र सूचित सहमति दिन पर्याप्त उमेर वा परिपक्वता प्राप्त गर्दैनन्; अन्तरलिङ्गी बालबालिकाहरू, बालिकाहरू सहित, उनीहरूको स्वायत्तता र शारीरिक अखण्डतालाई कायम राख्न मानव अधिकारमा-आधारित स्वास्थ्य सेवा प्रोटोकलहरू अपनाउनु पर्ने र लागू गर्नुपर्ने; र अन्तरलिङ्गी बालबालिकाहरू र उनीहरूका परिवारहरूलाई नि:शुल्क कानुनी सहायता र चिकित्सा र मनोसामाजिक सेवाहरूमा पहुँच सुनिश्चित गर्नुपर्ने।

**महिलाको आर्थिक सशक्तिकरण**

४४. समिति महिला प्रथम कार्यक्रम (२०२२) र एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा रूपरेखा (२०२४) लाई अपनाएकोमा प्रशंसा गर्दछ। तथापि, यो गरिबीको नारीकरणमा चिन्ता व्यक्त गर्दछ। विशेष गरी, समिति देहायका सवालहरुमा चासो व्यक्त गर्दछ:

क. ऋण, जग्गा र सम्पत्तिमा पहुँच सम्बन्धी कानूनी प्रावधानहरूको बावजुद, कानून कार्यान्वयन कमजोर छ र महिलाहरू, विशेष गरी आदिवासी महिलाहरू, दलित महिलाहरू, मधेसी महिलाहरू, अपाङ्गता भएका महिलाहरू, लैङ्गिक हिंसाबाट बचेका महिलाहरू, गरिबीमा बाँचिरहेका महिलाहरू, बेतलबी काममा रहेका महिलाहरू र एकल महिलाहरूले प्रायः आर्थिक र सामाजिक लाभ र आर्थिक अवसरहरूमा पहुँच पुर्याउन चुनौतीहरूको सामना गर्छन्;

ख. नागरिकता प्रमाणपत्र वा अन्य आवश्यक पहिचानजनित कागजातहरूको अभाव, धितोको आवश्यकता, र परिवारका पुरुष सदस्यहरूद्वारा जग्गाको हकमा पहुँचको नियन्त्रणका कारण, पक्षराष्ट्रमा महिलाहरूको जग्गाको स्वामित्व, ऋण र अन्य प्रकारका वित्तीय ऋण, बैंक खाता र वित्तीय सेवाहरूमा सीमित पहुँच छ।

**४५. समिति पक्षराष्ट्रलाई देहायका सिफारिसहरु गर्दछ:**

**क. सामाजिक सुरक्षाको लागि राष्ट्रिय रणनीतिमा लैङ्गिकतालाई मुख्यधारामा समावेश गरेर गरिबीको महिलावादीकरणलाई सम्बोधन गर्ने र महिलाहरू, विशेष गरी पिछडिएका समूहका व्यक्तिहरू, राष्ट्रिय लैङ्गिक समानता नीतिको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नवीकरणमा समान रूपमा सहभागी हुने र पर्याप्त सामाजिक र आर्थिक लाभ, आर्थिक सशक्तिकरण र सामाजिक सुरक्षा योजनाहरूमा पहुँच हुने कुरा सुनिश्चित गर्ने;**

**ख. महिलाको आर्थिक सशक्तिकरणमा लैङ्गिक रूढीवादी धारणा र अवरोधहरूलाई सम्बोधन गर्ने र महिलाहरूलाई जग्गाको स्वामित्व, धितो बिना कम ब्याजदर ऋण र अन्य प्रकारका वित्तीय ऋणमा पुरुषहरू सरह समान पहुँच सुनिश्चित गर्ने, र व्यापारिक सञ्जाल, स्रोतहरू, उद्यमशीलता अवसरहरू र सूचना प्रविधिमा उनीहरूको पहुँच विस्तार गर्ने ताकि उनीहरू आफ्ना सामान र उत्पादनहरूको सम्बन्धमा विद्युतिय-वाणिज्य र सीमापार व्यापारमा संलग्न हुन सकून्।**

**ग्रामीण, आदिवासी र दलित महिलाहरू**

४६. समिति पक्षराष्ट्रका ७४ प्रतिशत महिलाहरू कृषिमा कार्यरत रहेको, आदिवासी महिलाहरू पक्षराष्ट्रको महिला जनसंख्याको ३६ प्रतिशत रहेको र १५ प्रतिशत महिलाहरू दलित रहेको उल्लेख गरेको छ। नीति निर्माण, निर्णायक स्थान, बजेट विनियोजन र जग्गाको स्वामित्व मुख्यतया पुरुषहरूद्वारा नियन्त्रित रहेकोमा समिति चासो व्यक्त गर्दछ। समिति विशेषत: देहायका सवालहरुमा चासो व्यक्त गर्दछ:

क. संविधानमा आदिवासी महिलाहरूको अधिकारको साथसाथै उनीहरुको सामूहिक आत्मनिर्णयको अधिकारको मान्यताको अभाव;

ख. शिक्षा, रोजगारी, स्वास्थ्य सेवा, वित्तीय ऋण र आधुनिक कृषि प्रविधिहरूमा ग्रामीण र आदिवासी महिलाहरूको सीमित पहुँच, र निर्णय लिने र नेतृत्व तहमा उनीहरूको कम प्रतिनिधित्व;

ग. विदेशी लगानीकर्ता र निजी उद्यमीहरूले आदिवासी भूमिमा कार्यान्वयन गर्ने र तिनीहरूको प्राकृतिक स्रोतहरूको प्रयोग गर्ने पर्यटन, कृषि-औद्योगिक र निर्माण परियोजनाहरू जस्ता ठूला स्तरका परियोजनाहरूमा ग्रामीण र आदिवासी महिलाहरूसँग परामर्शको अभाव, साथै प्राकृतिक प्रकोप, बालीनालीको क्षति, र खाद्य तथा पानी असुरक्षा सहित ग्रामीण र आदिवासी महिलाहरूमा जलवायु परिवर्तनको प्रतिकूल प्रभाव;

घ. जात र लिङ्गका आधारमा हुने छुवाछुत र भेदभावलाई निषेध गर्ने विद्यमान राष्ट्रिय कानूनको बाबजुद पनि, दलित महिला र किशोरीहरूले अत्यधिक भेदभाव, यौन उत्पीडन, लिङ्गमा आधारित हिंसा र शिक्षा, रोजगारी, स्वास्थ्य सेवा र आर्थिक तथा सामाजिक लाभहरूमा सीमित पहुँचको सामना गरिरहेका छन्, र निर्णय लिने प्रक्रियाबाट वञ्चित छन्।

**४७. ग्रामीण महिलाको अधिकार सम्बन्धी आफ्ना सामान्य सिफारिसहरू नम्बर ३४ (२०१६), जलवायु परिवर्तनको सन्दर्भमा विपद् जोखिम न्यूनीकरणको लिङ्ग-सम्बन्धित आयामहरू सम्बन्धी नम्बर ३७ (२०१८) र आदिवासी महिला र बालिकाहरूको अधिकार सम्बन्धी नम्बर ३९ (२०२२) लाई पुन:स्मरण गर्दै, समिति पक्षराष्ट्रलाई देहायका सिफारिसहरु गर्दछ:**

**क. आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र अनुरूप आदिवासी महिलाहरूको आत्मनिर्णयको अधिकार सहितको अधिकारलाई स्पष्ट रूपमा मान्यता दिन संविधानमा संशोधन गर्नुपर्ने;**

**ख. ग्रामीण तथा आदिवासी महिलाहरूको स्वास्थ्य सेवामा पहुँच, यौन तथा प्रजनन स्वास्थ्य सेवा, निर्णय लिने, नेतृत्वदायी पद, शिक्षा, औपचारिक रोजगारी, सामाजिक सुरक्षा, आवास, पर्याप्त पानी र सरसफाइ, र आधुनिक कृषि प्रविधिहरू, जसमा बाली भित्राउने प्रविधिहरु, संरक्षण, भण्डारण, प्रशोधन, प्याकेजिङ, बजारीकरण र उद्यमशीलता समावेश छन्, लाई प्रवर्द्धन गर्न ग्रामीण क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गर्ने प्रयासहरूलाई तीव्र पार्नुपर्ने;**

**ग. आदिवासी महिलाहरूको प्रभावकारी सहभागितामा मात्र आदिवासी क्षेत्रहरू र संरक्षित क्षेत्रहरूमा काठ काट्ने, पर्यटन र खानी उत्खनन्, साथै जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यक्रमहरू र संरक्षण परियोजनाहरू लगायतका आर्थिक गतिविधिहरू कार्यान्वयन गर्न सकिन्छ भनी सुनिश्चित गर्नुपर्ने, जसमा उनीहरूको स्वतन्त्र, पूर्व-सूचनामा आधारित सहमति अधिकारको पूर्ण सम्मान र समान लाभ बाँडफाँड समावेश छ;**

**घ. सरकारका सबै तहमा दलित महिलाको प्रतिनिधित्व बढाउने, विशेष गरी नीति निर्माण गर्ने निकाय, संवैधानिक निकाय, वैदेशिक सेवा र सार्वजनिक सेवामा, जातीय भेदभाव र छुवाछूतका रिपोर्टहरूको अनुगमन र अनुसन्धान गर्ने, र जीवनका सबै क्षेत्रमा दलित महिला विरुद्ध हुने भेदभावमा शून्य सहनशीलताको नीति लागू गर्ने ।**

### अपाङ्गता भएका महिला र किशोरीहरु

४८. समितिले अपाङ्गता-उत्तरदायी स्वास्थ्य सेवा निर्देशिका (२०२१) अपनाएको कुरालाई ध्यानमा राखेको छ । यद्यपि, पक्षराष्ट्रमा अपाङ्गता भएका महिला र किशोरीहरूले भेदभाव, कलंक र लिङ्ग-आधारित हिंसाका अन्तरविविधताका विभेदहरु सामना गर्छन्, साथै न्याय, शिक्षा, रोजगारी र स्वास्थ्य सेवाहरूमा पहुँचमा महत्त्वपूर्ण अवरोधहरू सामना गर्छन्, र राजनीतिक र सार्वजनिक जीवनबाट बहिष्कृत रहेको प्रति समिति चासो व्यक्त गर्दछ । समिति अपाङ्गता भएका महिला र किशोरीहरूले उनीहरूको स्वतन्त्र र सूचित सहमति बिना शारीरिक परीक्षण र चिकित्सा उपचार र प्रक्रियाहरू, जबरजस्ती बन्ध्याकरण प्रति समेत चासो व्यक्त गर्दछ ।

**४९. अपाङ्गता भएका महिला सम्बन्धी समितिको सामान्य सिफारिस नम्बर १८ (१९९१) र २०१८ को अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समिति (CRPD/C/NPL/CO/1) को सिफारिसहरू अनुरूप, समितिले पक्षराष्ट्रलाई अपाङ्गता भएका महिला र किशोरीहरूले न्याय, समावेशी शिक्षा, रोजगारी र स्वास्थ्य सेवाहरू, यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू सहित पहुँच गर्न सक्षम छन् भनी सुनिश्चित गर्न र कुनै पनि परीक्षण वा उपचार उनीहरूले आफ्नो निःशुल्क र सूचित सहमति दिएपछि मात्र गर्न सिफारिस गर्दछ ।**

### जलवायु परिवर्तन र विपद् जोखिम न्यूनिकरण

५०. समिति पक्षराष्ट्र जलवायु परिवर्तनबाट गम्भीर रूपमा प्रभावित भएको कुरालाई टिपोट गर्दछ । यसले पक्षराष्ट्रले २०१८ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन प्राधिकरणको स्थापना, साथै लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण रणनीतिक कार्य योजना, र राष्ट्रिय अनुकूलन योजनालाई जलवायु परिवर्तन अनुकूलनलाई अवस्थित नीति, रणनीति र योजनाहरूमा एकीकृत गर्ने कुरालाई उल्लेख गर्दछ । यद्यपि, महिलाहरू, विशेष गरी ग्रामीण महिलाहरू, आदिवासी महिलाहरू, आप्रवासी महिलाहरू, अपाङ्गता भएका महिलाहरू र गरिबीमा बाँचिरहेका महिलाहरू, जलवायु परिवर्तन, पहिरो, बाढी र जैविक विविधताको क्षतिबाट अनुपातिक रूपमा प्रभावित भएको प्रति चासो व्यक्त गर्दछ, किनकि तिनीहरू प्रायः खुला क्षेत्रहरूमा बस्छन् र उनीहरूको जलवायु परिवर्तन लचिलोपन बढाउन आवश्यक सामना गर्ने संयन्त्रहरूको अभाव छ ।

**५१. समितिले जलवायु परिवर्तनको सन्दर्भमा विपद् जोखिम न्यूनीकरणको लैङ्गिक-सम्बन्धित आयामहरूमा आफ्नो सामान्य सिफारिस नम्बर ३७ (२०१८) अनुरूप, पक्षराष्ट्रले महिलाहरूको जीविकोपार्जनमा जलवायु परिवर्तनको नकारात्मक प्रभावहरूलाई ध्यानमा राख्दै आफ्नो जलवायु परिवर्तन र विपद् प्रतिक्रिया रणनीतिहरूको समीक्षा गर्न**

**र जलवायु परिवर्तन, विपद् प्रतिक्रिया र विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानून, नीति र कार्यक्रमहरूको विकास, अपनाउने र कार्यान्वयनमा महिलाहरूको समान प्रतिनिधित्व सुनिश्चित गर्न देहायअनुसार सिफारिस गर्दछ:**

**क. महिला तथा बालिकाहरूमा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको प्रभाव सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन गर्ने;**

**ख. लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजनाको कार्यान्वयनलाई सुदृढ पार्ने र जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण कानून, नीति, वित्तपोषण र महिला तथा बालिकाहरूको लचिलोपन र जलवायु परिवर्तनमा प्रभावकारी अनुकूलन निर्माण गर्न कार्यक्रमहरूमा लैङ्गिक दृष्टिकोण समावेश गर्ने;**

**ग. समुदाय र महिला तथा बालिकाहरू, ग्रामीण महिला तथा अपाङ्गता भएका महिलाहरू लगायत, जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापन साक्षरता र जागरूकता बढाउने, उनीहरूलाई आफ्नो अधिकारको माग गर्न र प्रभावकारी रूपमा जलवायु परिवर्तनसँग सम्बन्धित निर्णय लिने र जलवायु परिवर्तनको प्रभावहरू प्रति महिला तथा बालिकाहरूको लचिलोपन निर्माण गर्ने अनुकूलन रणनीति र कार्यहरूको विकासमा सशक्त बनाउने;**

**घ. सन् २०२२ मा आयोजित जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धिका पक्षहरूको सम्मेलनको सत्ताइसौं सत्रमा निर्णय गरिए अनुसार वातावरणीय क्षति र क्षतिको प्रतिक्रिया दिन नयाँ कोष व्यवस्थाको सिर्जना र सञ्चालनमा महिलाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने।**

**विवाह र पारिवारीक सम्बन्ध**

**५२.** समिति देहायका सवालहरु उपर चासो व्यक्त गर्दछ:

क. मुलुकी देवानी संहिताको धारा ७९ ले महिला र पुरुष दुवैको लागि विवाहको न्यूनतम उमेर २० वर्ष तोकेको भए तापनि, राज्य पक्षका ३३ प्रतिशत केटीहरूले १८ वर्ष उमेर नपुग्दै विवाह गर्छन्, र विवाह गर्ने नाबालिगहरूलाई मुद्दा चलाउन सकिन्छ;

ख. मुलुकी देवानी संहिताको धारा ७४ (१) ले यदि कुनै महिलाले बच्चा जन्माएमा, उनलाई स्वत: रूपमा विवाहित मानिन्छ, जुन राज्यद्वारा जबरजस्ती विवाह हो, र यदि कुनै पुरुष पहिले नै विवाहित छ भने स्वचालित विवाहलाई रोक्ने संशोधन ऐन (२०१८) को पनि विपरीत छ;

ग. एकपक्षीय सम्बन्ध विच्छेद (तलाक) र दाइजोको प्रथा निषेध भए तापनि, यी हानिकारक प्रथाहरू कायमै छन्, र आमाले पुनर्विवाह गरेमा बच्चाहरूलाई मातृत्वको संरक्षकत्वबाट हटाइन्छ;

घ. छोरी र श्रीमतीहरूको लागि समान उत्तराधिकार अधिकार सुनिश्चित गर्ने कानुनी प्रावधानहरूको बावजुद, परम्परागत अभ्यास र सामाजिक दबाबले महिलाहरूलाई, विशेष गरी श्रीमान गुमाएकाहरु, एकल आमाहरू र अपाङ्गता भएका महिलाहरू र किशोरीहरूलाई, आफ्नो उत्तराधिकार दाबी गर्नबाट रोक्छ;

ङ. सर्वोच्च अदालतको अन्तरिम आदेश पछि पक्षराष्ट्रको नगरपालिकाहरू मध्ये एकमा उदाहरण हुँदाहुँदै पनि, “अन्य" भनेर पहिचान गरिएका व्यक्तिहरूसँग सम्बन्धित समलिङ्गी विवाह वा संघहरूलाई मान्यता दिन मुलुकी देवानी संहिताको धारा ६७ संशोधन गर्न असफल हुनु;

च. विवाहपछि महिलाहरूले आफ्नो पारिवारिक नाम र ठेगाना गुमाउँछन् ।

**५३. विवाह र पारिवारिक सम्बन्धमा समानता सम्बन्धी सामान्य सिफारिस नम्बर २१ (१९९४) र विवाह, पारिवारिक सम्बन्ध र तिनीहरूको विघटनको आर्थिक परिणाम सम्बन्धी नम्बर २९ (२०१३), र महिला विरुद्ध भेदभाव उन्मूलन समितिको संयुक्त सामान्य सिफारिस नम्बर ३१/बाल अधिकार सम्बन्धी समितिको हानिकारक अभ्यासहरू सम्बन्धी सामान्य टिप्पणी नम्बर १८ लाई पुन:स्मरण गर्दै, समिति पक्षराष्ट्रलाई देहायका सिफारिसहरु गर्दछः**

**क. बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति (२०१५) लाई बालविवाह अन्त्य गर्ने राष्ट्रिय कार्य योजना २०१८–२०३० सँग मिलाउनुपर्ने, बाल अधिकार सम्बन्धी महासन्धि, १९६२ को सहमति सम्बन्धी महासन्धिमा हस्ताक्षर गर्नुपर्ने; विवाह, विवाहको लागि न्यूनतम उमेर, र विवाह दर्ता, र कम उमेरको विवाहको लागि नाबालिगहरूको अपराधीकरण खारेज गर्नुपर्ने;**

**ख. राज्यद्वारा जबरजस्ती विवाह र बहुविवाह रोक्न स्वचालित विवाह सम्बन्धी प्रावधानहरू खारेज गर्ने र वैवाहिक स्थितिलाई ध्यान नदिई पिताको रूपमा पुरुषहरूको जिम्मेवारी सुनिश्चित गर्न कानून अपनाउने;**

**ग. विवाह र सम्बन्ध विच्छेदमा महिलाको समान अधिकार सुनिश्चित गर्ने, सम्बन्ध विच्छेद प्राप्त गर्ने समान आधार र प्रक्रियाहरू र पारिवारिक सम्पत्ति विभाजनमा समानता सहित, जबरजस्ती सम्बन्ध विच्छेद र दाइजोको निषेधलाई प्रभावकारी रूपमा लागू गर्ने, र यी अभ्यासहरू विरुद्ध सम्बन्धित ग्रामीण नागरिक समाज संगठनहरूलाई समर्थन गरेर आम जनतालाई सचेतना अभिवृद्धि र शिक्षा प्रदान गर्ने;**

**घ. बच्चाको सर्वोत्तम हितको आधारमा हिरासत सम्बन्धी निर्णयहरू लिइएको र आमाले पुनर्विवाह गरेको कारणले मात्र बच्चाहरूलाई मातृ हिरासतबाट नहटाइएको सुनिश्चित गर्नुपर्ने;**

**ङ. उत्तराधिकार सम्बन्धी कानुनी प्रावधानहरू लागू गर्नुपर्ने र महिलाहरूलाई उत्तराधिकार प्राप्त्त गर्नका लागि सबै व्यावहारिक अवरोधहरू हटाउनुपर्ने, विशेष गरी विधवाहरू, एकल आमाहरू, र महिलाहरू र अपाङ्गता भएका किशोरीहरू, सचेतना अभिवृद्धि गर्ने उपायहरू र धम्कीबाट संरक्षण, र न्यायपालिकाको लागि तालिम,परम्परागत न्यायकर्मीहरू र परम्परागत अदालतका न्यायाधीशहरू सहित;**

च. **समलिङ्गी विवाह - वा "अन्य" को रूपमा पहिचान गरिएका व्यक्तिहरूसँग सम्बन्धित संघहरूलाई मान्यता दिन मुलुकी देवानी संहिताको धारा ६७ संशोधन गर्नुपर्ने, र विपरीत लिङ्गी विवाहित जोडीहरूको अधिकार र कर्तव्यहरू समान गर्नुपर्ने;**

छ. **विवाहित महिलाहरूले आफ्नो पारिवारिक नाम र ठेगाना कायम राख्न सक्ने कुरा सुनिश्चित गर्नुपर्ने ।**

**महासन्धिको धारा २० (१) मा संशोधन**

५४. **समितिले राज्य पक्षलाई समितिको बैठक समय सम्बन्धी महासन्धिको धारा २० (१) मा संशोधन सकेसम्म चाँडो स्वीकार गर्न प्रोत्साहित गर्दछ ।**

**बेइजिङ घोषणापत्र र कार्ययोजना**

५५. समितिले पक्षराष्ट्रलाई बेइजिङ घोषणापत्र र कार्ययोजना प्रयोग गर्न र महिला र पुरुष बीचको वास्तविक समानता प्राप्त गर्न महासन्धिमा उल्लेख गरिएका अधिकारहरूको प्राप्तिको थप मूल्याङ्कन गर्न आह्वान गर्दछ ।

**वितरण तथा प्रचारप्रसार**

५६. **समितिले पक्षराष्ट्रलाई वर्तमान निष्कर्ष अवलोकनहरूको समयमै वितरण तथा प्रचारप्रसार सुनिश्चित गर्न अनुरोध गर्दछ, पक्षराष्ट्रको आधिकारिक भाषा(हरू) मा, सबै स्तरका सम्बन्धित राज्य संस्थाहरू (राष्ट्रिय, क्षेत्रीय र स्थानीय), विशेष गरी सरकार, संसद र न्यायपालिकालाई, ताकि तिनीहरूको पूर्ण कार्यान्वयन सम्भव होस् ।**

**अन्य सन्धिहरुको अनुमोदन**

५७. **समिति पक्षराष्ट्रले नौ प्रमुख अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरूको पालना[1] गर्नाले महिलाहरूले जीवनका सबै पक्षहरूमा आफ्नो मानव अधिकार र मौलिक स्वतन्त्रताको उपभोग बढाउने कुरामा ध्यान दिन्छ । त्यसकारण समितिले पक्षराष्ट्रलाई सबै आप्रवासी कामदारहरू र उनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र जबरजस्ती बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणको लागि अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गर्न प्रोत्साहित गर्दछ, जसको यो अझै पनि पक्षराष्ट्र होइन ।**

---

[1] *आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध; नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध; सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि; महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि;यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि;बाल अधिकार सम्बन्धी महासन्धि; सबै आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि; जबरजस्ती बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरूको संरक्षणको लागि अन्तर्राष्ट्रिय महासन्धि; र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि ।*

**निश्कर्षात्मक टिप्पणीहरुको अनुगमन**

५८. समितिले पक्षराष्ट्रलाई दुई वर्षभित्र राष्ट्रियता सम्बन्धी अनुच्छेद ३५ (ख) र ३५ (ग) र विवाह र पारिवारिक सम्बन्ध सम्बन्धी ५३ (ग) र ५३ (ङ) मा उल्लेखित सिफारिसहरू कार्यान्वयन गर्न चालिएका कदमहरूको लिखित जानकारी प्रदान गर्न अनुरोध गर्दछ।

**अर्को प्रतिवेदनको तयारी**

५९. समितिले पक्षराष्ट्रहरूको संयुक्त आठौं र नवौं आवधिक प्रतिवेदनहरूको देय मिति राज्य पक्षहरूद्वारा रिपोर्टिङको लागि भविष्यको स्पष्ट र नियमित तालिका (सामान्य सभाको प्रस्ताव ७९/१६५, अनुच्छेद ६ हेर्नुहोस्) सँग मिल्दोजुल्दो गरी स्थापना र जानकारी गराउनेछ र राज्य पक्षको लागि रिपोर्टिङ गर्नु अघि मुद्दाहरूको सूची र प्रश्नहरू, यदि लागू हुन्छ भने, अपनाइएपछि। अर्को आवधिक प्रतिवेदनहरूले यसको पेश गर्ने समयसम्मको सम्पूर्ण अवधिलाई समेट्नु पर्छ।

६०. समितिले पक्षराष्ट्रलाई अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरू अन्तर्गत रिपोर्टिङमा सामंजस्यपूर्ण निर्देशिकाहरु पालना गर्न अनुरोध गर्दछ, जसमा साझा कोर दस्तावेज र सन्धि-विशिष्ट दस्तावेजहरूमा दिशानिर्देशहरू (HRI/GEN/2/Rev.6, अध्याय I) समावेश छन्।

## प्रकाशक

## साझेदार संस्थाहरू

## आर्थिक सहयोग